# वार्षिक प्रतिवेदन

## २७औं

## वार्षिक साधारण सभा

२०८२ असोज २२ गते देखि कात्तिक १ गतेसम्म

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.**

**रामपुर, पाल्पा**

**फोन नं. ०७५-४०१०३०, ४०१०३१**

Web: andhakarmukti.com

डि.स.का. पाल्पा दर्ता नं. ०९१/०५६/०५७ नेफस्कून दर्ता नं. ९३६

# अन्धकारमुक्ति
## बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पा

च.नं ०५६/०८२-०८३ मिति : - २०८२/०५/२०

# सूचना:

सम्पूर्ण शेयर सदस्यज्यूहरु

**विषय :- २७ औं वार्षिक साधारण सभा सहित संचालक समितिको गठन तथा निर्वाचन हुने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस संस्थाको मिति २०८२ साल भदौ महिना १५ गते बसेको संचालक समितिको बैठकको निर्णय र संस्थाको बार्षिक कार्ययोजना अनुसार निम्न तालिकामा उल्लेखित मिति, समय र स्थानहरुमा देहायका बिषयहरुमा छलफल, राय, सल्लाह, सुझाब संकलन तथा निर्णय प्रमाणित गर्नका लागि यस संस्थाको एकाईगत **२७ औं बार्षिक साधारण सभा तथा संचालक समिति, लेखा सुपरीवेक्षण समितिको गठन तथा निर्वाचन** हुने भएकाले सदस्यज्यूहरुले आफु आवद्ध रहेको क्षेत्र तथा सेवाकेन्द्रमा संचालन हुने एकाई गत साधारण सभामा उपस्थित भई आफ्नो राय सल्लाह सुझाब दिनुहुन यो **सूचना** प्रकाशित गरिएको छ ।

**साधारण सभामा प्रस्ताव पेश हुने मूख्य मूख्य बिषयहरू**

१. आ.व.०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत छलफल र अनुमोदन गर्ने सम्बन्धमा ।
२. आ.व.०८१/०८२ को लेखा सुपरीवेक्षण समिति, ऋण उपसमितिको प्रतिवेदन पास स्वीकृत सम्बन्धमा ।
३. आ.व.०८२/०८३ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन र चालु आ.व. ०८२/०८३ को प्रस्तावित कार्ययोजना, अनुमानित बजेट प्रस्तुत र अनुमोदन गर्ने सम्बन्धमा ।
५. शेयर लाभाशंकोष, संरक्षित पुँजीफिर्ताकोष वितरण उपर छलफल र अनुमोदन गर्ने सम्बन्धमा ।
६. संचालक समितिद्वारा गरिएको निर्णय र त्यसको कार्यान्वयनको अनुमोदन गर्ने सम्बन्धमा ।
७. आगामि वर्षको नयाँ कार्यक्रम संचालन गर्न संचालक समितिमा अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।
८. संस्थाको निति, नियम र कार्यविधिहरु स्वीकृति तथा शंसोधन, अनुमोदन गर्ने सम्बन्धमा ।
९. संस्थाको स्थिर सम्पत्ति खरीद गर्ने सम्बन्धमा ।
१०. असुल उपर गर्नु पर्ने संस्थाको लेना रकम कानुनि प्रकृयाबाट असुल उपर गर्ने सम्बन्धमा ।
११. सहकारी एकीकरण सम्बन्धमा ।
१२. ऋण अपलेखन स्वीकृत सम्बन्धमा ।
१३. विनियम शंसोधन सम्बन्धमा ।
१४. साधारण सभाको निर्णयहरुमा प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।
१५. मासिक तलव तथा पारिश्रमिक लगायतका सेवा सुविधा साथै कर्मचारी दरवन्दी अनुमोदन तथा स्वीकृती गर्ने सम्बन्धमा ।
१६. संचालक समीति, लेखा सुपरीवेक्षण समिति गठन तथा निर्वाचन सम्बन्धमा ।
१७. सदस्यहरुबाट प्राप्त राय सल्लाह सुझाब लगाएत विविध बिषयहरुमा ।

## एकाईगत साधारण सभाको कार्यक्रम तालिका

| क्र.स. | सेवाकेन्द्र वा एकाईगत साधारण सभा | साधारण सभा संचालन हुने स्थान | मिति | समय |
|---|---|---|---|---|
| १. | ताहुँ सेवाकेन्द्रमा आवद्ध सदस्यहरुको लागि | रम्भा मा. वि. को सभाहल ताहुँ बजार | २०८२/०६/२२ गते बुधबार | ११बजे |
| २. | जव्गादी सेवाकेन्द्रमा आवद्ध सदस्यहरुको लागि | जनशान्ति मा. वि.को सभा रामपुर-९, अर्वसिंह | २०८२/०६/२२ गते बुधबार | ११ बजे |
| ३. | निस्दी गाउँपालिकामा आवद्ध सदस्यहरुको लागि | जनता मा. वि. को सभाहल ढुङ्गानाबेसी, गल्धा | २०८२/०६/२२ गते बुधबार | ११ बजे |
| ४. | रामटार सेवाकेन्द्रमा आवद्ध सदस्यहरुको लागि | थोत्रिवारी खुल्ला मञ्च रामपुर - १० | २०८२/०६/२२ गते बुधबार | ११ बजे |
| ५. | सहयोगी सेवाकेन्द्र र केन्द्रीय कार्यालयमा आवद्ध सदस्यहरुको लागि | शहीद बहुमुखी क्याम्पस प्राङ्गण | २०८२/०६/२४ गते सुक्रबार | ११ बजे |
| ६. | निर्णय प्रमाणित सहितको साधारण सभा ( एकाई गत साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागी हुन सक्ने) | संस्थाको सभा हल रामपुर, ७ | २०८२/०७/०१ गते शनिबार | ११ बजे |

नोट :

❖ सम्पूर्ण सदस्यहरुले आफूलाई पायक पर्ने सेवाकेन्द्र स्तरीय एकाईगत साधारण सभामा सहभागि भई आ-आफ्नो राय सल्लाह सुझाब दिन सक्नुहुने व्यवस्था गरिएको छ भने निर्णय प्रमाणित सहितको साधारण सभामा सेवाकेन्द्र स्तरीय साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागि हुन सक्ने व्यवस्था गरिएको छ ।

❖ निर्णय प्रमाणित सभामा सहभागी हुने संख्या सहकारी विभागले जारी गरेको साधारण सभा संचालन कार्य व्यवस्था वमोजिम हुनेछ ।

❖ संचालक समति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धि कार्यसुँचि र बार्षिक प्रतिवेदन सम्बन्धि जानकारी स्थानिय रेडियो, टेलिभिजन, स्थानिय पत्र-पत्रिका, सामाजिक संजाल मार्फत जानकारी गरिने छ भने संस्थाको Website बाट गएर पनि हेर्न सकिने छ ।

❖ संचालक समितिको निर्वाचन सम्बन्धि कार्यक्रम तालिका निर्वाचन उपसमितिले निर्धारण गरे अनुसार हुनेछ ।

ओम प्रकास बस्याल
सचिव

डि.स.का. पाल्पा दर्ता नं. ०९१/०५६/०५७ नेफस्कून दर्ता नं. ९३६

# अन्धकारमुक्ति
## बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पा

२०

च. न. ०१/०८२-०८३ मिति : २०८२/०५/३१

## सूचना

**विषय : निर्वाचन कार्यक्रम प्रकासित गरेको बारे ।**

यस अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर, पाल्पाको संचालक समितीको र लेखा सुपरीवेक्षण समितीको संयोजक तथा सदस्यहरुको पदको निर्बाचनका लागि गठित निर्वाचन उपसमितिको बैठकको निर्णय अनुसार निर्वाचन कार्यक्रम निम्न अनुसार हुने व्यहोरा सम्पूर्ण सदस्यहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### निर्वाचन कार्यक्रम

| सि.नं. | विवरण | मिति | समय | स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | मतदाताको नामावली प्रकाशन | २०८२/०६/०५ गते | १०.०० बजे देखि ०५.०० बजे सम्म | मुख्य कार्यालय | |
| २ | मतदाता नामावली सच्याउन तथा छुट नाम समावेश गर्न दरखास्त दिने | २०८२/०६/०६ गते | १०.०० बजे देखि ०२.०० बजे सम्म | मुख्य कार्यालय | |
| ३ | संशोधन नामावली प्रकाशन गर्ने | २०८२/०६/०६ गते | ०३.०० बजे देखि ०५.०० बजे सम्म | मुख्य कार्यालय | |
| ४ | मत दाताको विरोधमा उजुरी दिने | २०८२/०६/०७ गते | १०.०० बजे देखि ०१.०० बजे सम्म | मुख्य कार्यालय | |
| ५ | मत दाताले दिएको उजुर उपर जाँचबुज गर्ने | २०८२/०६/०७ गते | ०१.०० बजे देखि ०३.०० बजे सम्म | मुख्य कार्यालय | |
| ६ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०६/०७ गते | ०३.०० बजे देखि ०६.०० बजे सम्म | मुख्य कार्यालय | |
| ७ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२/०६/०८ गते | १०.०० बजे देखि ०३.०० बजे सम्म | मुख्य कार्यालय | |
| ८ | मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८२/०६/०८ गते | ०३.०० बजे देखि ०६.०० बजे सम्म | मुख्य कार्यालय | |
| ९ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८२/०६/०९ गते | १०.०० बजे देखि ०१.०० बजे सम्म | मुख्य कार्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | मनोनयन पत्र जाँच गर्ने उजुर उपर निर्णय गर्ने | २०८२/०६/०९ गते | ०१.०० बजे देखि ०३.०० बजे सम्म | मुख्य कार्यालय | |
| ११ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२/०६/०९ गते | ०३.०० बजे देखि ०६.०० बजे सम्म | मुख्य कार्यालय | |
| १२ | उम्मेदवारको नाम फिर्ता लिने | २०८२/०६/२० गते सम्म | १०.०० बजे देखि ०३.०० बजे सम्म | मुख्य कार्यालय | |
| १३ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२/०६/२१ गते | १०.००बजे देखि ०३.०० बजे सम्म | मुख्य कार्यालय | |
| १४ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र निर्वाचन सम्बन्धि जानकारी गराउने | २०८२/०६/२१ गते | ०३.०० बजे देखि ०५.०० बजे सम्म | मुख्य कार्यालय | |
| १५ | मतदान | २०८२/०६/२८ गते | ०८.०० बजे देखि ०५.०० बजे सम्म | | |
| १६ | मत गणना | मतदान पश्चात | | | |
| १७ | मत परिणामको घोषणा, सपथ ग्रहण प्रमाण, पत्र वितरण | मत गणना समाप्त भए पश्चात | मत गणना समाप्त भए पश्चात | पछि सूचना मार्फत जानकारी गराईने | |

नोट :

- ❖ मतदान केन्द्रमा मतदान भएका सबै मत पेटिकाको मतदान अधिकृतबाट निर्वाचन अधिकृतले सुरक्षित रुपमा प्राप्त गरि सकेपछि मत गणना कार्य शुरु हुनेछ।
- ❖ मतदान केन्द्र, मतगणना हुने स्थान, पछि सूचना प्रकाशित गरिने व्यहोरा जानकारी गरिन्छ।
- ❖ कुनै कारण वश उल्लेखित कार्यक्रम तालिका परिवर्तन गर्नु पर्ने भएमा निर्वाचन अधिकृतले निर्वाचन कार्य तालिका परिवर्तन गरि जानकारी उपलब्ध गराउने छ।

.............................

निर्वाचन संयोजक

# भाग-१

# संस्थाको संक्षिप्त परिचय सहितको संस्थागत प्रतिवेदन

**१) संस्था स्थापनाको पृष्ठभूमि :**

समुदायमा छरिएर रहेका स-साना पुँजीहरुलाई बचत मार्फत एकीकृत गरि सदस्यहरुलाई ऋण लगानी गरि ब्यावसायी एवं आत्मनिर्भर बनाउन सकिन्छ, जसवाट समाजमा ब्याप्त गरिवी, अशिक्षा र आर्थिक आभावको अन्धकारवाट सदस्यलाई वित्तिय साक्षरता जगाई ब्यक्तिगत आर्थिक सक्षमता तर्फ मुक्ति गराउन सकिन्छ भन्ने उद्देश्यले वि.स.२०५५ साल पौष २० गते यसै समुदायका २८ जना व्यक्तित्वहरुले खेतको आलीमा बसेर गरेको अर्जुनदृष्टीको परिणाम स्वरुप स्थापना भई वि.स. २०५६ साल पौष महिनाको २० गते "अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड" नामक संस्था तत्कालिन डिभिजन सहकारी कार्यालय तानसेन पाल्पामा दर्ता भएको हो । पुँजी संकलनको लागि दिनको ५० पैसा बचत गर्ने अभ्यासवाट सुरुवात भएको संस्थाले ११४४० जना सदस्यहरु माँझ सेवा प्रवाह गर्दै रु १ अर्व ६४ करोड भन्दा माथिको पुँजी परिचालन गरेको छ ।

पाल्पा जिल्ला कार्यक्षेत्र लिएर अघि बढेको संस्थाले २७ औं वर्ष प्रवेश गर्दै गर्दा हाल कार्यक्षेत्रका विभिन्न स्थानहरु : जब्गादी, रामटार, ताहुँ र सहयोगी बचत तथा ऋण सहकारी संस्था लिं. रामपुर पाल्पासंग एकीकरण भए पश्चात रामपुरको बेझाँड बजारमा सहयोगी सेवाकेन्द्र र रामपुर नगरपालिका वडा नं. ७, आदर्शनगरमा रहेको मुख्य कार्यालयबाट सदस्यहरुलाई बचत तथा ऋण, रेमिटान्स, डिजिटल मोवाईल बैकिङ्ग, समुदायमा सहकारी कार्यक्रम लगाएत विविध सेवा प्रवाह गरिएको छ

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. भौगोलिक रुपमा पाल्पा जिल्लाको सदममुकाम तानसेन देखि ६० कि.मि पूर्व पाल्पा, स्याङ्गजा, तनहूँ र नवलपुर जिल्लाको संगम स्थलमा रहेको सुन्दर नगरी रामपुर नगरपालिका पौराणिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक रुपमा विश्वकै एक मात्र शालिकग्राम शिला पाईने पवित्र कालीगण्डकी नदीको काखमा अवस्थित रहेको छ । कालीगण्डकी करिडोर संचालनमा आएसंगै देशका मूख्य ब्यापारीक शहरहरु बुटवल, नारायणगढ र पोखरा भण्डै ३ घण्टा समयमा पुग्न सकिन्छ । शहरीकरणको बढ्दो सम्भावनाले संस्थालाई सदस्यहरुको पहिलो रोजाई बनाउन सहकारी ऐन, नियमावली, राष्ट्रिय सहकारी नियमन प्राधिकरण लगायतको नीति नियमको पुर्ण पालना गर्दै नीति, विधि र प्रविधिको अधिकतम् प्रयोग गरि आफ्ना कार्यहरु निरन्तर अगाडि बढाउदै आएको छ ।

**२) संस्थाको परिकल्पना :**

"प्रविधि मैत्री व्यवसायिक आत्मनिर्भरता सहितको दीगो गुणस्तरीय साकोस"

**३) संस्थाको मुख्य ध्येय :**

सदस्यहरुमा मितव्ययीताको भावना अभिबृद्धि गर्दै सहकारी मुल्य, मान्यता, सिद्धान्तको पालना र नविनतम प्रविधिको प्रयोग गरि सरल र सहज वित्तीय एवम् गैर वित्तीय सेवा मार्फत सदस्यहरुको जीवनस्तर सुधार गर्ने ।

**४) संस्थाको दीर्घकालिन उद्देश्यहरु :**

- ❖ संस्थामा आवद्ध सदस्यहरु र जनसमुदाय बीच स्वावलम्बन, पारस्परिक सहयोग एंव मितव्ययीता अभिवृद्धि गरि नियमित रुपमा बचत गर्ने बानीको प्रवर्द्धन गर्ने ।
- ❖ नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुको साथै उनीहरुले संकलन गरेको निक्षेपमा प्रतिस्पर्धात्मक रुपमा व्याज दिने ।
- ❖ नियमित रुपमा बचत संकलन गरि उत्पादनशील, आयमुलक, सीपमुलक उद्देश्यका लागि सदस्यहरु बीच उचित व्याजदरमा ऋण प्रवाह गर्ने ।
- ❖ उपर्युक्त कार्यक्रम मार्फत सदस्यहरुलाई आत्मनिर्भर तथा आत्मविश्वास सम्बन्धी धारणाबारे सदस्यहरुलाई उत्प्रेरित गर्ने ।
- ❖ सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने ।

- ❖ सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमता वृद्धि गर्नका लागि आवश्यक मद्धत र जानकारी उपलब्ध गराउने ।
- ❖ सदस्यहरुलाई सीप प्रदान गरि उत्पादनशील कार्यमा सहभागी गराउने ।
- ❖ समाजमा सामाजिक एकता एवं पारस्परिक सहयोग कायम गर्न सहयोग गर्ने ।
- ❖ संस्थागत उद्देश्य प्राप्तिका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने ।
- ❖ दातृ संस्थाहरुबाट कुनै शर्त नराखी प्राप्त हुने अनुदान तथा सहयोग स्वीकार गर्ने ।
- ❖ सहकारी अभियानको विकास र प्रवर्द्धनको उद्देश्य लिई गठित जिल्ला, प्रदेश र केन्द्रीय सङ्घको सदस्यता ग्रहण र नविकरण गर्ने ।
- ❖ सदस्यहरुको सम्बृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखि सहकारी ऐन, नियमावली, राष्ट्रिय सहकारी नियमन प्राधिकारणको निर्देशन र यस विनियममा व्यवस्था भए बमोजिमको दैनिक कार्य संचालनका साथै चल अचल सम्पत्ति आर्जन गर्ने, वचत संकलन गर्ने, ऋण लगानी गर्ने ।
- ❖ समाजका कमजोर वर्ग र निम्न आयस्तर भएका व्यक्ति वा समुहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।

**५) संस्थागत स्वरुप :**

| क्र.स. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कर्मचारी | २३ | २१ | ४४ |
| २ | संचालक समिति | ९ | ६ | १५ |
| ३ | लेखा सुपरिवेक्षण समिति | - | ३ | ३ |
| ४ | सल्लाहकार सदस्य | - | ७ | ७ |
| ५ | कानुनी सल्लाहकार सदस्य | - | १ | १ |
| ६ | ऋण उप समिति | - | ४ | ४ |
| ७ | शिक्षा उप समिति | - | ३ | ३ |
| ८ | सामाजिक क्रियाकलाप संचालन उपसमिति | - | ४ | ४ |
| ९ | अनुगमन तथा निरिक्षण उपसमिति | १ | २ | ३ |
| १० | लघुवित्त विस्तार तथा विकास उप समिति | ४ | - | ४ |
| ११ | महिला बालबालिका उपसमिति | ५ | - | ५ |
| १२ | आर्थिक व्यवस्थापन तथा विकास उपसमिति | - | ५ | ६ |
| १३ | युवा उद्यमशिल विकास तथा परिचालन उपसमिति | १ | ४ | ५ |
| १४ | कानुनी परामर्श उपसमिति | - | ४ | ४ |

**६) संस्थाको कार्यक्षेत्र :**

यस संस्थाको कार्य क्षेत्र पाल्पा जिल्ला भरी रहेको छ ।

**७) संस्थाको वित्तीय झलक :**

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| शेयर सदस्य | ११४४० | ११०१४ |
| शेयर पुँजी | १५,८३,५१,५०० | १५,४४,५२,९०० |
| बचत निक्षेप | १,२६,२०,७०,३२३ | १,२१,१४,३६,९०२ |
| ऋण (लररर) | १,०५,३६,४८,६७६ | १,०३,४८,८९,०९७ |
| जगेडा कोष | १४,१७,०१,६२९ | १३,११,२६,७०८ |
| अन्य कोष | ४,३९,३८,११७ | ४,८५,५०,९६८ |

| | | |
|---|---|---|
| ऋण जोखिम व्यवस्था कोष | ७,३५,८२,५४० | ५,४८,२६,२३४ |
| कुल सम्पत्ति तथा दायित्व | १,६४,३९,२४,४२३ | १,५७,८३,८९,०६६ |

### ८) सदस्य सुरक्षा तथा सहयोग कार्यक्रम

यस संस्थाले सदस्यहरुको सुरक्षा तथा सहयोग कार्यक्रम अन्तर्गत नीतिगत रुपमा साथै वार्षिक बजेट व्यवस्था गरि विभिन्न क्षेत्र तथा शिर्षकहरुमा सदस्यहरुलाई निम्न सहयोग उपलब्ध गराउने व्यवस्था रहेको छ । यस नीति गत व्यवस्था भित्र समावेश भई राहत प्राप्त गर्नुहुन सम्पुर्ण सदस्यहरुमा हार्दिक अनुरोध गर्दछौं ।

- सदस्यको मृत्यु हुँदा प्रति सदस्य रु.६,०००/- उक्त रकममा थप प्रति सदस्य (एकाघर परिवार) २,०००/- थप गरि उपलब्ध गराउने जस्तैः कुनै एकाघर परिवारमा २ जना सदस्य भएमा मृत्यु हुने सदस्य वापत ६,०००/- र थप १ जना सदस्य वापत २,०००/- गरि जम्मा ८,०००/- यसै गरि ३ जना सदस्य भएमा थप रु १०,०००/-। उपलब्ध गराउने यसै गरि क्रमशः उपलब्ध गराउने ।
- भुकम्प, आँधिवेहरी, आगजनी र पहिरो जस्ता दैवीप्रकोपबाट हुने क्षतिमा केहिमात्रामा भए पनि सदस्यहरुलाई सहयोग होस् भनि सो सम्बन्धी व्यवस्था गरि निम्न अनुसार सहयोग उपलब्ध गराउने ।

| क्र. स. | क्षती विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | सामान्य क्षति | ५,०००/- | |
| २. | आंशिक क्षति | ८,०००/- | |
| ३. | पूर्ण क्षति | १२,०००/- | |

### ९ ) जेष्ठ शेयर सदस्य सम्मान कार्यक्रम

सहकारी संस्थाहरु नाफा मात्र कमाई गर्ने संस्था नभएर सदस्य सेवामुखी पनि हुनुपर्दछ, युवा अवस्थाका सदस्यहरु संस्थासँग कुनैनकुनै माध्यमबाट सहकारीको कार्यक्रममा जोडिने भएको हुँदा हामी हाम्रा जेष्ठ सदस्यहरुसँग जोड्ने माध्यम भनेको बचत जम्मा गर्ने र झिक्ने मात्र नभई उहाँहरुको लागि पनि केहिकार्यक्रम गरौं भन्ने अभियानका साथ सदस्य सुरक्षा कार्यक्रम अर्न्तगत यस संस्थाले संचालन गरेको सदस्य राहत कार्यक्रमलाई अझ प्रभावकारी बनाउन जेष्ठ शेयर सदस्य सम्मान कार्यक्रम लागु गरिएको छ । सदस्यता लिएको मितिले १० बर्ष पूरा भएका ७० बर्ष भन्दा माथिका जेष्ठ शेयर सदस्यहरुलाई सम्मान तथा औषधी उपचार खर्च स्वरुप मासिक रु. ५००/- जेष्ठ शेयर सदस्य भत्ता स्वरुप उपलब्ध गराउने नीतिगत व्यवस्था संस्थाले गरेको छ । उक्त सुविधा अन्तर्गत हाल **१४२ जना** जेष्ठ शेयर सदस्यहरुले सेवा लिईरहनु भएको छ ।

### १०) बाल वचत कार्यक्रम

बाल बचत कार्यक्रम अन्तर्गत बालवालिकाहरुको सुरक्षित भविष्य र बचत गर्ने बानीको विकासका लागि शेयर सदस्यहरुको छोराछोरीहरुको नाममा अभिभावकको संरक्षकत्वमा खाता संचालन गरि रु. १,०००/- रुपैयाँ संस्थाले वालवालिकाको सुरक्षित भविष्यका लागि बचत गरिदिने र उक्त खातामा सम्बन्धित अभिभावकले मासिक नियमित न्यूनतम् रु. १००/- बचत गरेको हुनुपर्ने साथै यसरी बचत गरेको पैसा सदस्य वयस्क नहुँदा सम्मका लागि नियमित बचत गर्नु पर्ने नीतिगत व्यवस्था संस्थाले गरेको छ ।

### ११) सामाजिक उत्तर दायित्वका कार्यहरु :-

यस संस्थाले विगतका बर्षदेखि निम्न अनुसारका सामाजिक कार्यहरुमा सहभागिता जनाई सामाजिक उत्तरदायित्व निर्वाह गरिरहेको छ । जस अनुरुप कुनै असल उद्देश्यका लागि संचालित सामाजिक, धार्मिक कार्यहरुमा सहयोग गर्ने । विभिन्न सार्वजनिक स्थान विद्यालय, स्वास्थ्य संस्थाहरुमा प्रतिक्षालय, विश्राम स्थल निर्माण गर्ने, विद्यालयहरुलाई सहयोग प्रदान गर्ने, विद्यालय स्तरमा बौद्धिक तथा रचनात्मक कार्यक्रम संचालन

गर्ने, समुदायसँग सहकारी कार्यक्रम संचालित गर्ने, स्वास्थ्य शिविर जस्ता कार्यक्रम मार्फत समुदायका मानिसहरुलाई स्वास्थ्यमा जागरुक गराउने जस्ता कार्यहरु गरिरहेको छ ।

**१२) अन्य संघ संस्थाहरुसँगको समन्वय :**

संस्थाको दीगो विकास र गुणात्मक कायम गर्दै अन्य संघ संस्थाहरुसंग पारस्परिक सहयोग आदान प्रदान गर्नका लागि यस संस्था विभिन्न छाता संघहरुमा आवद्ध रहेको छ । जिल्ला बचत तथा ऋण सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश वचत तथा ऋण सहकारी संघ, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ त्यसै गरि राष्ट्रिय सहकारी बैंकको शेयर सदस्यता लिई सहकारीहरुको छाता संघहरुमा आवद्ध भएको छ । सदस्यहरुलाई सुलभ ब्याजदरमा ऋण उपलब्धताको लागि ब्याज अनुदान कार्यक्रम अनुसार नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष र रामपुर नगपालिकासंग समन्वय गरि युवा स्वरोजगार कार्यक्रम संचालन भईरहेको छ भने सदस्यहरुले पनि ब्याज अनुदान प्राप्त गरिरहनु भएको छ ।

**१३) युवा स्वरोजगार कार्यक्रम :**

सदस्यहरुको वित्तिय आवश्यकता, माग र हितलाई ध्यानमा राखी ब्याज अनुदान हुने नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष र रामपुर नगरपालिकासँग समन्वय गरि आफ्नै देश तथा गाउँठाउमा केहि गर्नुपर्छ भन्ने मनसाय भएका सदस्यहरुको लागि युवा स्वरोजगार कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट प्रथम पटक लगानी गरिएको ऋणको ब्याज अनुदान सदस्यहरुलाई उपलब्ध गराईएको थियो भने दोस्रो पटकको प्रक्रियामा छ त्यसै गरि रामपुर नगरपालिकाबाट सदस्यहरुले प्राप्त गर्ने ब्याज अनुदान गत आ.व. २०८१/०८१ मा १० जना सदस्यहरुलाई रु १४,९०,६३३ उपलब्ध गराईएको थियो भने यस आ.व.२०८१/०८२ सम्ममा जम्मा १३ जना सदस्यहरुले रु.११,६२,७७२/- रुपैया व्याज अनुदान प्राप्त गर्नु भएको छ ।

**१४) सहकारी संस्था एकीकरण**

सहकारी ऐन, नियमावलीको भावना वमोजिम सहकारीहरु स-साना संस्थाको रुपमा रही रहन भन्दा बृहत रुपमा शसक्त भई अगाडि बढ्दा अझ सदस्य सेवा, गुणस्तर प्रभावकारी हुने र नयाँ सेवाकेन्द्र स्थापना भन्दा सहकारी एकीकरण उत्तम हुने महसुस गरि सहकारी एकीकरण कार्य पनि यस संस्थाले सम्पन्न गरेको छ । मिति २०७७/१२/१८ मा रामपुर नगरपालिका वडा न. ५ मा स्थापित सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. रामपुर पाल्पासँग एकीकरण गरि उक्त कार्यालय भएको स्थानमा नयाँ व्यवस्थापन सहित सहयोगी सेवाकेन्द्र नामाकरण गरि सेवा संचालन भई रहेको छ ।

**१५) गुणात्मक कायमका लागि प्रोवेसन कार्यक्रममा आवद्धता**

संस्थाको गुणात्मक कायमका लागि यस संस्था नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघबाट संचालित प्रोवेसन कार्यक्रममा आवद्ध भएको छ । जुन कार्यक्रमले संस्थाको PEARLS, HIMAL विधिबाट वित्तिय गुणस्तर मापनका साथै सदस्य सेवा सन्तुष्टि मापन गरि सही बाटोमा हिड्ने प्रेरणा दिएको छ ।

**१६) प्रविधि सहितको सेवा :**

संस्थाका सबै हिसाब किताबहरु सफ्टवेयरमा राखिएको छ । संस्थाले आफ्नै वेवसाईट सञ्चालनमा ल्याउनुका साथै सामाजिक सञ्जाल मार्फत संस्थाका गतिविधि सदस्य तथा सरोकारवाला निकायलाई सुसूचित गराई रहेको छ । कर्मचारीहरुको द्रूत परिचालन तथा सञ्चार व्यवस्थापनका लागि संस्थागत इमेल, भाइबर समुह गराई संस्थाको कारोवार र सुचना आदान प्रदान गरिरहेको छ । डिजिटल सेवा अन्तरगत संस्थाले आफ्नै (Mobile Banking Application संचालन गरि (QR Scan, Mobile Banking, Electricity Bill

Payment, Internet Bill Payment, Khanepani Bill Payment, Online Fund Transfer.SMS, Bus तथा Air टिकट बुकिङ) जस्ता प्रविधिमैत्री सेवा प्रदान गराइरहेको छ।

**१७) सदस्य सम्मान तथा पुरस्कार**

संस्थालाई विभिन्न मिति, समयमा संस्थागत वृद्धि र विकासका लागि सहयोग गर्नुहुने संस्थापक, पूर्व संचालक, लेखा सुपरिवेक्षण समितिहरुलाई सम्मान गर्ने नीति संस्थाले लिए अनुसार सम्मान गर्दै आईएको छ। त्यसै गरि सदस्यहरुलाई हौसला प्रदान गर्नका लागि संस्थाको स्थापना दिवस वा साधारण सभाको अवसर पारी विभिन्न विधाहरुमा जस्तै नियमित बचत गर्ने, नियमित ऋण किस्ता भुक्तानी गर्ने, उत्कृष्ट कारोवार गर्ने सदस्य, सबै भन्दा बढी शेयर खरीद गर्ने, नमुना व्यवसाय संचालन गर्ने, उत्कृष्ट केन्द्र, उत्कृष्ट केन्द्र प्रमूख र नियमित वाल वचत सदस्य, नियमित लगनसिल भई कार्य सम्पादन गर्ने कर्मचारीहरुबाट छनौट गरि उत्कृट कर्मचारी सम्मान, वार्षिक रुपमा सदस्यहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति यस संस्थाले लिएको छ।

**१८) संस्थाले हाल सम्म हासिल गरेका सम्मान तथा पुरस्कारहरु**

यस संस्थाले स्थापना देखि हाल सम्म ग्रामीण परिवेशमा रही सदस्य सेवा तथा वित्तिय सेवा प्रदान गरे वापत समय/ समयमा निम्न अनुसार विधाहरुमा सम्मान तथा पुरस्कारहरु प्राप्त गर्न सफल भएको छ :-

| क. स. | मिति | विधा | निकाय | सम्मान तथा पुरस्कार |
|---|---|---|---|---|
| १. | २०७३/०८/०७ | उत्कृष्ट करदाता | आन्तरिक राजस्व कार्यालय | सम्मान तथा पुरस्कार |
| २. | | प्रभावकारी व्यवस्थापन | बचत तथा ऋण सहकारी संघ पाल्पा | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| ३. | २०७३/१०/१४ | प्रभावकारी व्यवस्थापन | जिल्ला सहकारी संघ | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| ४. | २०७३/१२/३० | उत्कृष्ट सहकारी | डिभिजन सहकारी कार्यालय तानसेन पाल्पा | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| ५. | २०७५/०८/०७ | उत्कृष्ट करदाता | आन्तरिक राजस्व कार्यालय | सम्मान तथा पुरस्कार |
| ६. | २०७६/०४/३२ | उत्कृष्ट कारोबार | नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ( नेफ्स्कून) | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| ७. | २०७६/०८/०७ | उत्कृष्ट करदाता | आन्तरिक राजस्व कार्यालय | सम्मान तथा पुरस्कार |
| ८. | २०७८/०८/३ | उत्कृष्ट लघुवित्त सेवा प्रदान | नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| ९. | २०७९/०८/०७ | उत्कृष्ट करदाता | करदाता सेवा कार्यालय तानसेन पाल्पा | प्रसंशा पत्र सहित सम्मान प्राप्त |
| १०. | २०७९/०९/०८ | लुम्विनीप्रदेशका सहकारी मध्यबाट उत्कृष्ट साकोस | नेपाल वचतत था ऋण केन्द्रीय सहकारी संघ लि. ( नेफ्स्कून) | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| ११. | २०८०/०८/०७ | उत्कृष्ट करदाता | करदाता सेवा कार्यालय तानसेन पाल्पा | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| १२. | २०८१/०८/०७ | उत्कृष्ट करदाता | करदाता सेवा कार्यालय तानसेन पाल्पा | प्रशंसा पत्र सहित सम्मान प्राप्त |
| १३. | २०८१/१२/२० | उत्कृष्ट सहकारी | बचत तथा ऋण सहकारी संघ तानसेन पाल्पा | प्रशंसा पत्र सहित सम्मान प्राप्त |

## १९) संस्थाको संचालनमा रहेका नीति, निर्देशिका तथा कार्य विधिहरु

कुनै पनि संस्था सुशासनले चलाउनका लागि ऐन नियम र कार्य विधिहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । संस्था स्वास्थ्य रुपमा संचालित हुनका लागि व्यक्ति प्रधान होईन नीति प्रधान हुन आवश्यक छ यसैलाई आत्मसाथ गरि यस संस्थाले संस्थाका न्यूनतम् अवश्यकताका कार्यविधिहरु निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ । संस्थाको हाल कार्यान्वयनमा आएका नीति तथा कार्यविधिहरु निम्न अनुसार छन् ।

| क्र.स. | नाम | क्र. स. | नाम |
|---|---|---|---|
| १. | संस्थाको विनियम २०७८ | १७. | आन्तरिक लेखा परिक्षण कार्यविधि |
| २. | सदस्य दर्ता कार्यविधि | १८. | आर्थिक प्रशासन संचालन कार्यविधि |
| ३. | शेयर खरिद कार्यविधि | १९. | लघुवित्त कार्यक्रम संचालन कार्यविधि |
| ४. | बचत संचालन कार्यविधि | २०. | सदस्य सेवा कार्यविधि |
| ५. | ऋण लगानी कार्यविधि | २१. | पुराना कागज पत्र धुल्याउने कार्यविधि |
| ६. | ऋण असुली कार्यविधि | २२. | कर्मचारी आचार संहिता सम्वन्धी कार्यविधि |
| ७. | भाखा नाघेको ऋण असुली कार्यविधि | २३. | संचालक समितिको आचर संहिता सम्वन्धी कार्यविधि |
| ८. | लिलामविक्री कार्यविधि | २४. | उप समितिहरुको काम कर्तव्य सम्बन्धी कार्यविधि |
| ९. | मानव संशाधन कार्यविधि | २५. | बाह्य ऋण सम्बन्धी कार्यविधि |
| १०. | सार्वजनिक विदाको दिन सेवा संचालन कार्यविधि | २६. | जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण कार्यान्वयन कार्यविधि |
| ११. | संचालक समितिको बैठक संचालन कार्यविधि | २७. | संचालक समितिलेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यविधि |
| १२. | धितो मूल्याङ्कन कार्यविधि | २८. | ऋण अपलेखन कार्यविधि |
| १३. | संस्थाको टेलिफोन संचालन कार्यविधि | २९. | सदस्य सुरक्षा तथा सम्मान कार्यविधि |
| १४. | साधारण सभा संचालन कार्य व्यवस्था | ३०. | संरक्षित पुँजी फिर्ता कोष कार्यविधि |
| १५. | युवा स्वरोजगार ऋण लगानी कार्यविधि | ३१. | अभिलेख तथा लेखा प्रमाणित कार्यविधि |
| १६ | हायरप्रचेज ऋण लगानी कार्यविधि | | |

**अन्तमा :**

संस्था स्थापना देखि २७ औं बर्षको संघारमा आईपुग्दा हामी सहकारी मूल्य, मान्यता र सिद्धान्तहरुलाई आत्म साथ गर्दै आएका छौ । सहकारी ऐन, नियम र नीतिहरु अनुसरण गर्दै संस्थाका कार्यविधिहरु निर्माण गरि कार्यान्वयनमा ल्याई सदस्यहरुलाई सन्तुष्ट गराई सदस्य सेवा दिनु पनि एउटा उपलब्धि हो । यस समयमा छरिएर रहेको पुँजीलाई एकीकृत गरि संस्थामा आवद्ध सदस्यहरुलाई व्यवसायीक बनाई उनीहरुको सामाजिक, आर्थिक उन्नति गराउन सक्नु संस्थाको लागि गौरवको बिषय हो भन्ने बिश्वास लिएको छु ।

(जय सहकारी)

भाग-२

# २७औं साधारण सभा २०८२मा अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन



**सागर प्रसाद देवकोटा**

अध्यक्ष

श्रद्धेय प्रमुख अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, संस्थालाई उचित सल्लाह र मार्गदर्शनमा सहयोगी सल्लाहकार ज्यूहरु, संचालक समितिका साथीहरु, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिका साथीहरु, शेयर सदस्य महानुभावहरु, पत्रकार मित्रहरु, कर्मचारी साथीहरु यस संस्थाको २७ औं गरिमामय वार्षिक साधारण सभाको अवसरमा यहाँहरुलाई हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

तत्कालिन परिस्थितीमा यस क्षेत्रका जनताहरु वित्तिय सेवाबाट विमुख भएका बेला समाजका विकास प्रेमी, दुरदर्शी व्यक्तिहरुले सहकारीको माध्ययमबाट एकताबद्ध गरि आर्थिक क्रियाकलापमा प्रोत्साहित गर्ने उद्देश्यले संस्थाको जन्म भएको हो । संस्थाले स्थापना कालदेखि नै सदस्यहरुको अगाध आस्था, प्रेरणा, विश्वास र सद्भावका कारण विभिन्न आरोह, अवरोह, चुनौतीहरुसंगै विषम र जटील परिस्थतीहरु माथि कुशलता पुर्वक सामना संगै सहकारीका राष्ट्रिय तथा अन्तराष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै आफ्नो सेवाहरु प्रवाह, समयानुकुल आधुनिक प्रविधि, नीति तथा कार्यविधिहरु निर्माण, सेवाकेन्द्रहरुको विस्तार, सहकारी विच एकीकरण, समुदाय केन्द्रित विभिन्न कार्यक्रम, गुणस्तरीय सेवा संगै पाल्पा जिल्लामै उत्कृट करदाता, जिल्ला सहकारी संघबाट सहकारी पुरस्कार, नेफस्कूनद्धारा लुम्विनी प्रदेशमा नै उत्कृष्ट सहकारी र विभिन्न निकायहरुवाट सम्मानीत हुदै यस क्षेत्रको नमुना सहकारीको रुपमा स्थापित भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचीत हुदै ११४४० जना शेयर सदस्यहरुको माझ आज हामी २७ औ वार्षिक साधारण सभाको ऐतिहासीक क्षणमा आईपुगेका छौँ । यो हामी सवैको अगाध स्नेह, विश्वास, सहयोग, अनुशासन र प्रतिवद्धताका कारण नै संस्थाले यो सौभाग्य प्राप्त गर्न सफल भएको हो । यसका लागि म सवै प्रति आभार प्रकट गर्दछु ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीको असरबाट संस्था र सदस्यहरु पनि अलग रहन सकेनन् । यस विषम् परिस्थितिलाई सामना गर्दै संस्थाको परिकल्पना अभियान, लक्ष्य र उद्देश्य माथि अझ दृढ हुदै निरन्तर अगाडि बढ्नु जरुरी छ । सहकारी संस्था प्रति राज्यको अस्पष्ट दृष्टिकोणका कारण हामीले सोचे अनुरूप सहकारीका अवधारणा र सिकाइलाई अझ बहुआयामिक रूपमा अगाडि लैजान कठिन अनुभूति भइरहेको छ । तथापि चुनौतीलाई अवसरका रूपमा लिएर अगाडि बढ्ने साहस र हौसला सदस्यहरुवाट मिलेको छ । आउँदो वर्ष यो सत्प्रयासलाई घनिभूत बनाउन अझ कर्मशील भएर लाग्ने संस्थागत प्रतिबद्धता व्यक्त गर्दछु । सदस्यहरुको सामाजिक आर्थिक र सास्कृतिक पक्षहरुको वृद्धि र विकासका लागि निरन्तर रहिरहने दृढता व्यक्त गर्दछु । साथै सबैंको सहयोग, सद्भाव र विश्वासले संस्थालाई थप ऊर्जा प्राप्त हुने विश्वास पनि प्रकट गर्दछु । भावि दिनहरुमा सदस्यहरुको माग एवं चाहना वमोजिम वित्तिय एवम सामाजिक क्षेत्रमा सदस्य केन्द्रित गतिविधिहरु मार्फत संस्था सँगै समग्र सहकारी अभियान मार्फत यस क्षेत्रमा उद्यमशीलता विकास गरि आर्थिक रुपमा जिवनस्तर परिर्वतन संगै एक सभ्य समाज निर्माण गर्ने अभियानमा हामी सधै लागि पर्ने प्रण गर्दछौ ।

उपस्थित शेयर सदस्यज्यूहरु,

संस्थाको आर्थिक वर्ष २०८१/०८२ मा भएका गतिविधिहरुलाई नजिकबाट नियाल्दा अपेक्षित प्रगती हासिल गर्न सफल भएको व्यहोरा अवगत गराउन चाहन्छु । अव म आर्थिक वर्ष २०८१/०८२ सालको संस्थाको वित्तिय स्थिति, कार्य प्रगति, र संचालन भएका कार्यक्रमहरु तपाईहरु माझ निम्नानुसार रहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

| क.स. | विवरण | गत आ.व. ०८०/०८१ | यस आ.व. ०८१/०८२ | बृद्धिदर |
|---|---|---|---|---|
| १. | शेयर सदस्य | ११०१४ | ११४४० | ४ |
| २. | शेयर पुँजी | १५,४४,५२,९०० | १५,८३,५१,५०० | ३ |
| ३. | बचत निक्षेप | १,२१,१४,३६,९०२ | १,२६,२०,७०,३२३ | ४ |
| ४. | ऋण (लगानी) | १,०३,४८,८९,०९७ | १,०५,३६,४८,६७६ | २ |
| ५. | भाखा नाघेको ऋण | ७,६०,९३,७२४ | ८,७५,६५,९२३ | १५ |
| ६. | आय(आम्दानी) | १९,२३,१३,४१४ | १६,६५,३८,४६३ | (१३) |
| ७. | व्याय (खर्च) | १४,०८,०४,६२३ | १२,६७,९६,२०० | (१०) |
| ८. | खुद बचत (नाफा) कर पछिको | ४,७०,२३,७१६ | ३,४६,६१,४८९ | (२६) |
| ९ | जगेडा कोष | १३,११,२६,७०८ | १४,१७,०१,६२९ | ८ |
| १० | अन्य कोष | ४,८५,५०,९६८ | ४,३९,३८,११७ | (१०) |
| ११ | ऋण जोखिम व्यवस्था कोष | ५,४८,२६,२३४ | ७,३५,८२,५४० | ३४ |
| १२ | कुल सम्पत्ति तथा दायित्व | १,५७,८३,८९,०६६ | १,६४,३९,२४,४२३ | ४ |

- समयानुकुल आधुनिक प्रविधिको प्रयोग र सदस्यहरुको सुविधा र आवश्यकतालाइ मध्यनजर गदै ABBS कारोवार, संस्थाको आफ्नै मोवाइल एप्स (Andhakarmukti Digital Banking App) संचालन गरि ( Bank Transfor, Wallet Load, QR Scan, Mobile Recharge, Electricity Bill Payment, Internet Bill Payment, khanepani Bill Payment, Online Fund Transfer, SMS, E-Teller, Account Statement, Bus ) तथा Air टिकट वुकिङ जस्ता सेवा सेवाहरु प्रदान गरिरहेको जानकारी गराउदछु । अनलाईन सदस्यता आवेदन, शेयर सर्टिफिकेट, फिक्स वचत प्रमाणपत्र पनि लिन सकिने व्यवस्था मिलाईने छ ।
- सदस्य र संस्थाको वित्तिय सुरक्षालाई ध्यानमा राखि क्रेस्ट माईको लाईफ इन्स्योरेन्स लिमिटेड संग ऋण विमा सम्झौता गरि संस्थावाट हुने ऋण लगानी प्रति वर्ष प्रति लाख रु २१२/- का दरले ऋण विमा कार्यक्रम लागु गरिएको छ ।
- ऋण लगानीलाई व्यवस्थित वनाउन Loan Appraisal मार्फत सफ्टवयरमा आवश्यक कागजपत्रहरु सुरक्षित राखि ऋण लगानी तथा स्वीकृत गर्ने व्यवस्था गरिएको छ ।
- वित्तिय स्वस्थता र गुणस्तर कायम राख्न संस्थाका वित्तिय विवरणहरु तथा कारोवारहरुका शुद्धता, पारदर्शिता, एकरुपता, शुसासन र भरपर्दो भएको सुनिश्चीत गर्न नेपाल लेखा मानक वोर्ड (ASB) ले २०१३ सालमा जारी गरेको (NFRS) Nepal Financial Reporting Standards) द्वारा वाह्रय लेखा परिक्षण गरिएको छ ।

- संस्थाको नियमित कार्यक्रमको अतिरिक्ति पनि गत वर्ष पेश गरिएको वार्षिक कार्ययोजना अनुसार यस वर्ष पनि शेयर सदस्यहरुको ज्ञान, सिप क्षमता अभिवृद्धि हुने खालका विभिन्न व्यावसायीक तालिम, सहकारी सचेतना गोष्ठी, समुदायसंग सहकारी कार्यक्रम, केन्द्र प्रमुख स्तरीय गोष्ठी, स्वरोजगार युवा व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम, विभिन्न पेशा, व्यवसायमा आवद्ध उद्यमशिल सदस्यहरुलाई सफल व्यवसाय अध्ययन तथा अवलोकन भ्रमण तथा वित्तिय साक्षरता सम्वन्धी कार्यक्रमहरु संचालन भएका छन् । गत आ.व.मा संस्थाले संचालन गरेका कार्यक्रम तथा बैठकहरु निम्न अनुसार रहेका थिए ।

| क्र.स. | शिर्षक | संख्या | कैफियत |
|---|---|---|---|
| १. | संचालक समितिको बैठक | १८ | |

| | | | |
|---|---|---|---|
| २. | लेखा सुपरीवेक्षण समितिको बैठक | ७ | |
| ३. | ऋण उपसमितिको बैठक | ३९ | |
| ४. | लघुवित्त कार्यक्रम विस्तार तथा विकास उपसमितिको बैठक | १ | |
| ५. | सामाजिक विकास उपसमितिको बैठक | १ | |
| ६. | प्रोवेसन कार्यदलको बैठक | २ | |
| ७. | रणनीतिक व्यवसायिक योजना निमार्ण कार्यशाला | १ | |
| ८. | बार्षिक साधारण सभा | १ | |
| ९. | कर्मचारीहरुको नियमिति सेवाकेन्द्र स्तरीय बैठक | ८ | |
| १० | कर्मचारी तालिम | २ | |
| ११ | युवा उद्यमीहरुको व्यवसाय प्रर्वद्धन कार्यक्रम | १ | |
| १२ | लघुवित्त केन्द्र प्रमुखहरुको अवलोकन भ्रमण | १ | |
| १३ | सदस्य शिक्षा कार्यक्रम | ६ | |
| १४ | प्रोवेसन कार्यक्रम समिक्षा बैठकमा सहभागिता | २ | |
| १५ | विभिन्न तालिम गोष्ठिमा सहभागिता | ७ | |
| १६ | धितो लिलामि उपसमितिको बैठक | २ | |
| १७ | पदाधिकारीहरुको मात्र बैठक | ३ | |
| १८ | सहकारीहरु बिच असल अभ्यास कार्यक्रम | १२ | |
| १९ | युवा प्रर्वद्धन तथा विकास उपसमितिको बैठक | १ | |
| २० | अर्धबार्षिक समिक्षा कार्यक्रम | १ | |
| २१ | बार्षिक समिक्षा कार्यक्रम | १ | |
| २२ | केन्द्र गुणस्तर सम्बन्धि छलफल कार्यक्रम | १ | |
| २४ | लुम्बिनी विशष्टीकृत सहकारीसँगको समन्वयमा कार्यक्रम संचालन | १ | |
| २५ | वार्षिक नीतितथाकार्यक्रम र अनुमानित बजेट निर्माण सम्बन्धि छलफल कार्यक्रम | १ | |
| २६ | सल्लाहकारहरुसंगको परार्मश बैठक | ३ | |

- संस्थामा कार्यरत ४४ जना कर्मचारी मनोवल उच्च गराउदै उनिहरुको हित र सुरक्षा लाई ध्यानमा राखि सामाजिक सुरक्षा कोषमा आवद्व गराईएको छ । कर्मचारीहरुको वदलिदो वातावरणीय परिवेश र प्रविधिसँग समायोंजनका लागि तथा व्यवसायीक सीप, क्षमता, दक्षता अभिबृद्धिका लागि आवश्यकता अनुसार नेतृत्व विकासका तालिम सञ्चान तथा गोष्ठीहरुमा सहभागी गराईएको छ ।
- संस्थागत सुशासनलाई उच्च राख्ने धेयका साथ सहकारी विभागले लागु गरेको सहकारी तथा गरिवी सम्वन्धी व्यवस्थापन सूचना (Co-operative and Poverty Management Information System - (COPOMIS) प्रणालीमा आवद्ध भई नियमित रुपमा विवरण अद्यावधिक गर्दै आएको छ । सहकारी विभागबाट जारी सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशन बमोजिम संस्थाका सदस्यहरुको व्यक्तिगत विवरणहरु अद्यावधिक सँगै संस्थाको मासिक प्रतिवेदनहरु तथा अन्य विवरणहरु नियामक निकायहरुमा पठाउने गरिएको छ । मासिक रुपमा नेपाल राष्ट्र बैंकको वित्तिय जानकारी ईकाइमा प्रतिवेदन पठाईएको छ भने जोखिमका आधारमा सदस्य पहिचान गरी बर्गीकरण गर्ने प्रणालीको विकास गरिएको छ ।
- सहकारी संस्थाहरु फरक फरक समुदायमा गठन भएका हुन्छन । संस्थाको आ-आफ्नै पहिचान र विशेषता पनि रहेका हन्छन । ती संस्थाहरुले संचालन गरेका कार्यक्रमहरु तथा असल अभ्यासहरुको, अध्ययन अवलोकन गरि उपयुक्त कार्यक्रमहरु संस्थामा पनि लागु गरि सदस्यहरुको सेवामा थप प्रभावकारीता ल्याउन, अन्तर सहकारी सहयोग तथा सद्भाव कायम गर्न सहकारी भ्रमण कार्यक्रमहरु आयोजना र कार्यान्वयन गरिएको छ ।

- प्रत्येक सेवाकेन्द्रवाट विगत बर्षहरुमा जस्तै संस्थाको विभिन्न गतिविधिहरुमा उत्कृष्ट योगदान पुऱ्याउनु हुने असल ऋणी, उत्कृष्ट केन्द्र प्रमुख, उत्कृष्ट केन्द्र, उत्कृष्ट कारोवार, उत्कृष्ट शेयर खरिद, सफल व्यावसायी, नियमित वचतकर्ता सदस्यहरुलाई सम्मान तथा पुरस्कृत गर्ने प्रणालीलाई निरन्तरता दिईएको छ ।
- सहकारी अभियान र संस्थागत विकासका लागि सहकारी संस्थाहरु बिच कार्यक्षेत्र मिलेका स्थानीय सहकारी संस्थाहरुलाई एक आपसमा गाभिन प्रस्ताव भई, एकीकृत गरि सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने तर्फ आह्वान भई रहेको अवस्थामा संस्थाले भौगोलिक कार्यक्षेत्र मिल्ने सहकारी संस्थाहरुसँग एकीकरण गरि संख्यात्मक र गुणात्मक पक्षलाई वृद्धि विकास गर्ने कार्यक्रम प्रथामिकतामा राखिएको छ । साथै एकीकरण कार्य दललाई क्रियाशिल गरिनेछ ।
- संस्थाको लेखा सिस्टमलाई थप पारदर्शि र आधुनिकिकरण गर्दै लगिएको छ ।
- रामपुर नगरपालिका सँग समन्वय गरि साझेदारीमा युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईएको छ । २०८२ असार मसान्त सम्ममा जम्मा १३ जना शेयर सदस्यहरुलाई २,०२,००,०००/- रुपैया यूवा स्वरोजगार अर्न्तगत ऋण लगानी गरिएको छ । फलस्वरुप यस आर्थिक वर्षमा ऋणको व्याजमा रु ११,६२,७७२/- रुपैया रामपुर नगरपालिकावाट निकासा प्राप्त गरि सदस्यहरुलाई व्याज अनुदान दिन सफल भएका छौँ ।
- वित्तिय स्वस्थता र गुणस्तर कायम राख्न नेफ्स्कून वाट संचालित PROBATION PROGRAME मा यस वर्ष पनि निरन्तरता दिईएको छ । जसले गर्दा संस्थाको गुणात्मक पक्षमा सुधार भएको छ ।
- सामुदायिक विकास कोषवाट समुदाय केन्द्रित विभिन्न शिविरहरु सञ्चालन, सार्वजनिक ठाँउहरुमा प्रतिक्षालय निर्माण तथा सामाजिक कार्यहरु सम्पन्न संगै धार्मिक तथा सस्कृतिक पक्षहरुको जर्गेना तथा प्रर्वद्धनका लागि सहयोग गरिएको छ ।
- संस्थाको सुरक्षालाई थप व्यवस्थित गराउन केन्द्रिय कार्यालय र सहयोगी सेवाकेन्द्रमा रहदै आएको सुरक्षा गार्डलाई अन्य सेवाकेन्द्रहरुमा पनि आवश्यकता अनुसार व्यवस्था गर्दै लगिने छ ।
- सदस्य राहत कार्यक्रमलाई नीतिगत व्यवस्था गरि कार्यान्वयन गरिएको छ । सोही कार्यक्रम अनुसार यस आ.व मा निम्न शिर्षकहरुमा कुल जम्मा रकम २ लाख ३५ हजार मात्र सदस्य तथा सदस्यको परिवारलाई सहयोग उपलब्ध गराईएको छ ।

| क्र.स. | शिर्षक | गत संख्या | गत बर्षको रकम | यस संख्या | यस बर्षको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सदस्यको मृत्यु | २३ | १४००००/- | २३ | १,७२,०००/- | |
| २. | सदस्यको श्रीमान वा श्रीमतीको मृत्यु | ३२ | २०४०००/- | ४२ | ४२,०००/- | |
| ३. | सुत्केरी स्याहार खर्च (नवजात वाल वचत योजना) | ९ | ९०००/- | ९ | ९०००/- | |
| ४ | कोभिड | | | | | |
| ५ | दैवी प्रकोप (आगलागी, बाढी पहिरो) | ३ | ३२०००/- | १ | १२०००/- | |
| जम्मा | | | ३८५०००/- | | २,३५,०००/- | |

७० वर्ष पुरा भएका जेष्ठ शेयर सदस्यहरुलाई मासिक रुपमा रु.५००/ भत्ता वितरण गर्न शुरु गरिएकोमा हाल १४२ जना शेयर सदस्यहरुले यो सुविधा लिईरहनु भएको छ । यस आ.व. मा जम्मा रु.८,१९,०००/- भत्ता वितरण गरिएको थियो । यस साधारण सभामा पनि थप नयाँ शेयर सदस्यहरुलाई पेन्सन सुविधा प्रदान गरिने व्यहोरा जानकारी गराउन चाहन्छु ।

- गत साधारण सभा पछि २०८२ साल भदौ १५ गतेसम्म यस समितिको कार्यकालमा कुल बैठक संख्या १८ पटक बसि संस्थाको मासिक आर्थिक प्रतिवेदन, सदस्यता स्वीकृती जस्ता विषयहरु प्रस्तुत गरि त्यस उपर छलफल गरि सबैको राय सल्लाहमा स्वीकृत तथा अनुमोदन भएका थिए । वार्षिक कार्ययोजना र गत साधारण सभाले पास गरेका कार्य तालिका अनुसारका कार्यक्रमहरु सम्पन्न भएका छन् । संचालक समिति, आवश्यकता अनुसार उपसमितिहरु, सल्लाहकार समितिका महानुभावहरुबाट बैठकको निर्णय प्रक्रियामा सहयोग मिलेको थियो ।

अन्त्यमा गत साधारण सभा पश्चात यस आर्थिक वर्षमा पनि संस्थामा विभिन्न माध्यमवाट योगदान गर्नुहुने सदस्यहरुलाई गुमाउनु परेको छ । यो अतुलनीय क्षतिबाट अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लि.रामपुर पाल्पा सिंगो परिवार मर्माहत भएका छौ । यस साधारण सभा उहाँहरुको शोक शन्तव्द परिवार प्रति समवेदना प्रकट गर्दै स्वर्गीय आत्माको चीरशान्तिको कामना गर्दछौं ।

२७ औं वार्षिक साधारण सभालाई सभ्य र भव्यरुपमा संचालन गर्न सहयोग पुऱ्याउनु हुने सरोकारवाला निकायहरु, शेयर सदस्य महानुभावहरु, संस्थाको बिशेष परिस्थितीमा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समिति, संचालक समिति, बिभिन्न उपसमितिका पदाधिकारीहरु, व्यवस्थापक सहित कर्मचारीहरु, यस संस्थाको निमन्त्रणालाई स्वीकार गरि पाल्नुहुने श्रद्धेय प्रमुख अतिथि, लगाएगत अतिथिगण ज्यूहरु, पत्रकारज्यूहरु, राजनैतिक दलहरु र विभिन्न संघसंस्था प्रति निरन्तर सद्भावपूर्ण सहकार्यको अपेक्षा सहित हार्दिक आभार तथा धन्यवाद प्रकट सहित भर्खर मात्र महान चाड विजय दशमी मनाईसकेका छौ भने अव आउदै गरेको शुभदीपावली छठ तथा विभिन्न पर्वको उपलक्ष्यमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै चाडपर्वहरु भव्य र सभ्य रुपमा आफ्नो आर्थिक क्षमता हेरेर मनाउनुहुन पनि अनुरोध गर्दछु ।

म यस संस्थाको एक कार्यकाल संचालक समिति सदस्य, दुई कार्यका उपाध्यक्ष र दुई कार्यकाल अध्यक्ष भई सेवा गर्ने मौका दिनुभएकोमा सवै सवै प्रति हार्दिक धन्यवाद दिन चहान्छु साथै यस बर्ष संस्थाको बिधान अनुसार नयाँ संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन समेत हुने हुदाँ सर्वसहमत सक्षम नेतृत्व चयन गर्नुहुन समेत सम्पूर्ण शेयर धनी महानुभावहरुलाई अनुरोध गर्दै बिदा हुन्छु ।

(जय सहकारी)

## ऋणको फाईल तयार गर्दा आवश्यक पर्ने कागजपत्रहरु

१. ऋणी सदस्य[illegible] प्रति
२. लालपुर्जाको प्रतिलिपी १ प्रति
३. तिरो तिरेको रसिद (एक अन्तिम आर्थिक बर्ष भित्रको)
४. चौकिल्ला प्रमाणित
५. ब्लु प्रीन्ट तथा फाईल नक्सा
६. आयस्रोत प्रमाणित कागजहरु
७. मन्जुरीनामाबाट भएमा जग्गा धनीको नागरिकताको प्रतिलिपी १ र १ प्रति पासपोर्ट साईजको फोटो
८. अंशियारीहरुको मन्जुरी नागरिकताको प्रतिलिपी १ र १ प्रति पासपोर्ट साईजको फोटो
९. धनजमानी बस्नेको नागरिकताको प्रतिलिपी १ र १ प्रति पासपोर्ट साईजको फोटो
१०.शेयर प्रमाणपत्रको प्रतिलिपी
११. ऋणको उद्देश्य अनुसारको कागजपत्रहरु
१२. विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी
१३. नाता प्रमाणित कागज
१४.पाविारिक सहमती
१५. परियोजना बिवरण

# संस्थाको वार्षिक नीति तथा भावि कार्यक्रम

**ओम प्रकाश बस्याल**
संचालक समिति सचिव



यस संस्थाको २७ औं वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, यस संस्थाको निमन्त्रणालाई स्वीकार गरि पाल्नु हुने व्यक्तित्वहरु, विभिन्न पदिय दायित्वमा रहनु भएका व्यक्तित्वहरु, संचालक साथीहरु, लेखा समितिमा रहि कार्य गर्नु हुने लेखा सुपरिवेक्षण समितिका साथीहरु, पत्रकार मित्रहरु कर्मचारी साथीहरुमा म यस संस्थाको सचिवको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु म यस संस्थाको सचिवको हैसियतले वार्षिक कार्यक्रम तथा कार्ययोजना, संस्थाका नीतिगत व्यवस्थाहरु यसै प्रतिवेदन मार्फत पेश गर्न गईराखेको छु । चालु आ. व. ०८२/०८३ को लागि साकोसको दीगो विकास, पारदर्शिता र सदस्य सुरक्षा सेवा प्रर्णालीको अभिप्रायले निम्न कार्ययोजना बजेट र रणनीतिक योजना र त्यसको नीतिगत व्यवस्था निम्न अनुसार प्रस्तावित गरिएको छ ।

**संस्थाको आगामी आ. व. को नीतिगत योजनाहरु :**

संस्थालाई वित्तिय शुद्धता कायम गरि, संस्थागत वृद्धि विकासका लागि आ. व. ०८२/०८३ मा संस्थाको निम्न अनुसार नीतिगत रणनीतिक योजनाहरु तय गरि कार्यान्वयन गरिने छ ।

**१ : सेवाकेन्द्र विस्तार गर्ने नीति :**

यस संस्थाको विनियम २०७८ मा संस्थाको केन्द्रिय कार्यालयको ठेगाना रामपुर नगरपालिका वडा नम्बर ७, पाल्पा हुनेछ भने सदस्य संख्या तथा भौगोलिक सहजताको आधारमा .जव्गादी सेवा केन्द्र, ताहुँ सेवा केन्द्र, रामटार सेवाकेन्द्र, सहयोगी सेवा केन्द्र, निस्दी सेवाकेन्द्र ढुङ्गनाबेसी बजार, पूर्वखोला सेवाकेन्द्र पुर्वखोला बजार, सदस्य सेवा केन्द्र, पाल्पा रामपुर नगरपालिका वडा न. ३ र सदस्य सेवाकेन्द्र रम्भा गाउँपालिकाको हुँगी बजार र पाल्पा जिल्लाको तानसेन बजारमा सेवाकेन्द्रको कार्यालयहरु स्वीकृत भएका छन् भने यस आ.व. मा यस संस्थाले अस्थायी तथा आंशिक रुपमा संचालन भई रहेको सर्म्पक कार्यालयको विस्तृत अध्ययन विश्लेषण गरि प्रभावकारी हुने देखिएमा १ वटा सर्म्पक कार्यालयलाई विनियममा व्यवस्था भए वमोजिम सेवाकेन्द्रको रुपमा स्तर उन्नती गरि सेवा संचालन गरिनेछ । यसबाट सदस्यहरुमा सेवा शुलभता र संस्थाको अधिक तरलता व्यवस्थापन गर्न सकिने अपेक्षा गरिएको छ ।

**२. : सदस्य विस्तार नीति :-**

आदरणीय शेयर सदस्यज्यूहरु यस संस्थाको वृद्धि विकासका लागि शेयर सदस्यहरुको महत्वपुर्ण भुमिका रहेको हुन्छ । त्यसैले संस्थाको वृद्धि विकासका लागि सदस्य बिस्तार गर्नु पनि अपरिहार्य छ । सदस्य विस्तारका लागि संस्थाले निम्न अनुसार रणनीतिहरु संचालनमा ल्याईने छ ।

- विभिन्न टोल, टोलमा सदस्य विस्तार अभियान संचालन गरिने छ ।
- परिवारका सदस्यहरुलाई पनि सदस्यता प्रदान गर्ने कार्यक्रम अगाडि बढाईने छ ।
- कर्मचारीहरुलाई मासिक रुपमा सदस्यता वृद्धिका लागि लक्ष्य निर्धारण गरि काम कार्यमा लगाईने छ ।
- कर्मचारीहरु अनुसार सदस्यता वृद्धिको तथ्याङ्क राख्ने व्यवस्था मिलाईने छ र सबै भन्दा बढी सदस्यता वृद्धि गर्ने कर्मचारीलाई पुरस्कृत गरिने छ ।
- प्रत्येक शेयर सदस्यको घरबाट १ शेयर सदस्य १ थप सदस्य वृद्धि वा वाल वचत अभियान संचालन गरि बचत गर्नमा प्रोत्साहित गरिने छ ।

**३. नियमित वचत वृद्धि गर्ने योजना :**

नियमित बचत गर्नु र गराउनु सदस्य संस्थाको लागि लाभदायक बिषय हो । स-सानो नियमित बचतले सदस्यहरुको आकस्मिक खर्च, दु.ख. परेको समयमा सहयोग गर्दछ भने संस्थाको पनि दीगो पुँजी निर्माण हुने गर्दछ । त्यसैले सदस्यहरुलाई नियमित बचत गर्ने बानीको विकास गर्न उत्प्रेरित गरिनेछ भने निम्न अनुसार नीतिगत व्यवस्था पनि लागु गरिने छ ।

- संस्थाको कुल वचतको २५ प्रतिसत नियमित बचत हुने गरि बचत सम्बन्धि कार्यविधि निर्माण गर्ने ।
- नियमित बचतको ब्याजदर अन्य वचतको भन्दा बढी गराउने ।
- नियमित बचतलाई न्यूनतम् वचतको आधारमा ब्याज दिने प्रणालीको विकास गर्ने ।
- दीर्घकालिन बचतको महत्वको बारेमा जानकारी गराउने ।

**४ : समुदायमा सहकारी कार्यक्रम सुधार योजना :**

लघुवित्त कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि अन्धकारमुक्तिको समूदायमा सहकारी कार्यक्रमको रुपमा परिभाषित गरि यसलाई थप सुधार गर्दै लगिने छ । उक्त कार्यका लागि निम्न अनुसार नीतिगत व्यवस्था गरि कार्यान्वयन गरिने छ ।

- केन्द्र सुधार कार्यक्रम अर्न्तगत सामुदायिक विकास कोषबाट खर्च हुने गरि केन्द्र छनौट गरि केहि केन्द्रहरुलाई नगद रकम वा जिन्सी सो बराबरको सामान उपलब्ध गराई प्रोत्साहन गरिने छ ।
- कर्मचारीहरुबाट सबै केन्द्रहरुमा क्रमशः पुर्नताजगिकरण तालिम संचालन गरिने छ । त्यसको लागि कार्यक्रम शाखा तथा विभागको स्थापना गरि छुट्टै कर्मचारीको व्यवस्था गरिने छ ।
- वार्षिक रुपमा कम्तिमा १ सेवाकेन्द्रमा १ केन्द्र छनौट गरि उक्त केन्द्रलाई उत्पादन मुखी बनाईने छ । त्यस किसिमको कार्यक्रम संचालन गर्न आवश्यक पर्ने बिउ बिजन, तालिम, भ्रमणको व्यवस्था गर्ने र सोही अनुसार बजेट विनियोजन गरिने छ । यस कार्यका लागि वडा कार्यालय, स्थानिय निकाय, गैर सरकारी संस्थाहरुसँग समन्वय गरि कार्यक्रम अगाडि बढाउने नीति संस्थाले लिनेछ ।
- १५ बर्ष पुरा भई सकेका केन्द्रका सदस्यहरुलाई पुन समुहमा आवद्धता गराउने र त्यसको लागि सदस्य शिक्षा कार्यक्रम पनि चलाउने नीति संस्थाले लिने छ ।

**५ : सदस्य सुरक्षा नीति :**

यस संस्थाको सदस्य सुरक्षा नीति अर्न्तगत सदस्यहरुलाई उपलब्ध गराउने विभिन्न क्षेत्र तथा शिर्षकको सदस्य राहत कार्यक्रमलाई गत बर्ष गरेको नीतिगत व्यवस्था वमोजिम निम्न अनुसारका शिर्षकहरुमा निम्न अनुसार राहत तथा सहयोग सुविधा उपलब्ध गराईने छ ।

- नवजात शिशु बचत योजना अनुसार शेयर सदस्यहरुबाट जन्म लिएका सदस्यहरुको नाममा बाल बचत खाता खोलि वा अभिभावकको नाममा सम्बन्धित नवजात शिशुको खाता संचालन गरि रु.१,०००। रुपैयाँ संस्थाले जम्मा गरि दिने । यसरी संचालन भएको खातामा अभिभावकले बच्चा वयश्क नहुँदा सम्मका लागि न्यूनतम् मासिक रु.१००। जम्मा गर्नु पर्ने व्यवस्था गरिने छ ।
- सदस्यको मृत्यू हुँदा प्रति सदस्य रु.६०००, उक्त रकममा थप प्रति सदस्य (एकाघर परिवार) २००० थप गरि उपलब्ध गराउने जस्तैः कुनै एका घर परिवारमा २ जना सदस्य भएमा मृत्यू हुने सदस्य वापत ६०००। र थप १ जना सदस्य वापत २००० गरि जम्मा ८०००। यसै गरि ३ जना सदस्य भएमा थप रु.१०,०००। उपलब्ध गराउने । एउटै भान्छामा खाना खाने परिवारलाई एकाघर परिवारमा परिभाषित गरिने छ ।
- भुकम्प, आँधिवेहेरी, आगजनी र पहिरो जस्ता दैवी प्रकोपबाट हुने क्षतिमा केहि मात्रामा भए पनि सदस्यहरुलाई सहयोग होस् भनि संचालन गरिएको सदस्य राहात कार्यक्रमलाई शसशोधन गरि क्षती मूल्याङ्कन गरि निम्न अनुसार ३ तहमा बिभाजन गरि सोही अर्न्तगत सदस्य राहत सहयोग उपलब्ध गराउने ।

| क्र. स. | क्षतीविवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | सामान्य क्षेती | ५,०००। | |
| २. | आंशिक क्षेती | ८,०००। | |
| ३. | पूर्ण क्षेती | १२,०००। | |

**६ : भाखा नाघेको ऋण न्यूनिकरण गर्ने नीति :**

यस संस्थाको समस्याको रुपमा रहेको भाखा नाघेको ऋण रकमलाई व्यवस्थापन गरि न्यूनिकरण गर्नका लागि गत बर्ष देखि नै संस्थाले कानुनी प्रक्रियाहरु अगाडि बढाएको छ जस अनुसार ऋण असुली सम्बन्धि ३५ दिने सूचना, दोस्रो पटक १५ दिने सूचना तथा धितो लिलाम सम्बन्धि सूचना प्रकाशनले असुलीमा उल्लेखनिय प्रगति पनि हासिल गरेको छ। यस कार्यलाई अवका दिनमा अझ व्यवस्थित गर्नका लागि निम्न विधिहरु अवलम्वन गर्ने नीति संस्थाले लिने छ।

- तहगत रुपमा ऋण लगानीको प्रक्रिया, स्वीकृती, असूलीलाई प्रभावकारी बनाईने छ। ऋणी सदस्यलाई सोही अनुसार ताकेता गरिने छ।
- विना धितो ऋण लगानीलाई क्रमशः न्यूनिकरण गर्दै लैजाने। सोही अनुसार सहकारी नियमन प्राधिकरणले निर्देशन गरे वमोजिम विना धितो ऋण बचतको ५ गुना वा ३ लाख जुन कम हुन्छ उक्त रकम कम्तिमा २ जनाको व्यक्तिगत जमानीमा लगानी गर्ने नीति संस्थाले लिने छ भने धन जमानी बस्ने सदस्यलाई जमानी सम्बन्धी प्रतिवद्ध र उत्तरदायी गराईने छ।
- ऋण विमालाई धितो ऋणमा पनि लागु गर्ने नीति लिई यसलाई कार्यान्वयन पनि गरिने छ।
- सदस्यहरुको ब्याजको नियमितताको लागि ब्याजमा छुटको व्यवस्था मिलाईने छ।
- ऋण सदुपयोगिता निरिक्षण अनिवार्य रुपमा गर्ने नीति संस्थाले लिने छ।
- ऋण लगानीको परियोजना तयार गर्न लगाईने छ ।
- धन जमानी सदस्यको वचत तथा अन्य कारोवारमा संकेत राख्ने व्यवस्था गरिने छ।
- असुली कार्यविधि अनुसार अनिवार्य रुपमा सूचना प्रकाशित गरि असुली प्रक्रिया अगाडि बढाउने व्यवस्था मिलाउने।

**७ :संस्थागत पूँजी वृद्धि योजना :**

**संस्था**को मेरुदण्डको रुपमा संस्थागत पुँजी रहेको हुन्छ भने संस्थागत पुँजी वृद्धिको लागि संस्थाले निम्न कार्य गरिने छ।

- संस्थाको खर्च गर्न सकिने तर खर्च नभई बाँकी रहेका कोषहरुको रकम जगेडा कोषमा जाने व्यवस्था मिलाईने छ।
- अन्य ठाउँहरुबाट अनुदान आएको रकम जगेडा कोषमा जाने व्यवस्था मिलाईने छ।

**८ : सम्पत्ति सुद्धिकरण तथा जोखिम व्यवस्थापन सम्बन्धमा :**

संस्थामा पर्न सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि निम्न कार्यहरु गरिने छ।

- सम्पत्ति सुद्धिकरण निर्देशिकाको पालना गरिने छ। सम्पत्ति शुद्धिकरण निर्देशिका आवश्यक वुदाहरुमा शंसोधन गरिने छ।
- सम्पत्ति सुद्धिकरण निर्देशिकाले तोके वमोजिमको समयमा जोखिम मूल्याङ्कन गरि प्रतिवेदन पठाउने। STR, TTR Report तयार सम्बन्धित निकायमा पठाउने कार्य नियमित रुपमा गरिने छ।
- नयाँ प्रविधियुक्त CCTV Camera हरु, आवश्यकता अनुसार खरिदका लागि बजेट बिनियोजन गरिने छ। सेवाकेन्द्रहरुमा पनि आवश्यकता अनुसार व्यवस्था मिलाईने छ।

- सबै सेवाकेन्द्रहरुमा दिवा सेवाको लागि सूरक्षागार्डको व्यवस्था गर्ने गरि कार्ययोजना तयार गरिने छ।
- सदस्यको बचत सूरक्षाको लागि ऋण लगानी भन्दा बचतको सूरक्षालाई प्राथमिकतामा राखिने छ।
- आन्तरिकलेखा परिक्षणलाई प्रभावकारी बनाउनका लागि बर्षमा २ पटक आन्तरिक लेखा परिक्षण गराउने कार्य संस्थाले गर्नेछ।
- संस्थाले सुरक्षित गर्नुपर्ने महत्वपूर्ण कागजपत्र जस्तै : लालपुर्जा, तमसूक, रोक्का जस्ता कागजपत्र सुरक्षणका लागि फायरप्रुभ क्यावीन दराज खरीद गरिने छ।
- महत्वपूर्ण कागजपत्रहरुलाई सिस्टममा अनिवार्य अपलोड गरिने छ।

**९ : प्रविधिको विकास, स्तर उन्नति तथा सुधार योजना :**

हाल संचालनमा रहेको कोर बैङ्किङ सिस्टमलाई समय सापेक्ष विकास र स्तर उन्नतिका लागि आवश्यक बजेट विनियोजन गरि निम्न अनसुार सुविधाहरु थप गरिने छ। संस्थाको डाटालाई थप सुरक्षित गर्ने नीति संस्थाले लिने छ।

- मानव स्रोत व्यवस्थापन प्रर्णालीलाई Digitalize गरिएकोमा त्यसलाई थप सुरक्षित गरिने छ।
- ऋण बिश्लेषण लाइ Digitalize गरिएकोमा त्यसलाई थप व्यवस्थित गरिने छ।
- कर्मचारीहरुको Performance लाई Digitalize गरिने छ। कर्मचारीले गरेको कार्यहरुको रेकर्ड राख्ने सिस्टमको विकास गरिने छ।
- Mobile Banking User संख्या वृद्धि गरिने छ।
- Digitalize Pass Book सिस्टमको विकास गरिने छ र कार्यान्वयन गरिने छ।
- बैंकहरुबाट **QR** स्क्यान मार्फत संस्थाको खातामा पैसा आउने सिस्टम संचालनमा ल्याईने छ।
- सेवाकेन्द्रहरुको नगद कारोबार हुने काउन्टरहरुमा अनावश्यक व्यक्तिहरु जान नसक्ने गरि डोर लक सिस्टम जडान गरिने छ।

**१० : शेयर पुँजी वृद्धि तथा व्यवस्थापन सम्बन्धि योजना :**

हाल शेयर पुँजी वृद्धिका लागि लागु भएको नीतिगत शेयर वृद्धि योजनालाई एथावत कार्यान्वयन गरिने छ साथै धेरै रकम भएका सदस्य भन्दा औषत शेयर रकम धेरै भएका शेयर सदस्य निर्माण गर्ने नीति संस्थाले लिने छ।

- प्रति सदस्य १० हजार सम्मको शेयर खरिदका लागि उत्प्रेरित र प्रोत्साहित गरिने छ।
- ऋण लगानी गर्दा ऋण रकमको आधारमा खरिद गर्नु पर्ने न्यूनतम् शेयर संख्यालाई परिमार्जित गरिने छ।

**११ : मानव स्रोतसंसाधन सम्बन्धि योजना :**

मानव स्रोत साधन नीतिलाई समय सापेक्ष आवश्यक देखिएका बिषयहरुमा शंशोधन गरिने छ। थप व्यवस्थित गर्नका लागि निम्न नीतिगत व्यवस्था गरिने छ।

- आवश्यक जनशक्तिलाई साधारण सभाबाटै पास गरि कार्यान्वयन गरिने छ । आवश्यकता अनुसार दरवन्दी सृजना गरि जनशक्ति व्यवस्थापन गरिने छ।
- कार्य सम्पादन मूल्याङ्कनलाई पूर्ण रुपमा कार्यान्वयन गरि कर्मचारीहरुको वृद्धि विकास र स्तर उन्नति गरिने छ।
- आवश्यकता अनुसार पद तथा थप तहहरु श्रृजना गरिने छ।
- गत बर्षहरुमा जस्तै कर्मचारीहरुको गरिदै आएको अध्ययन अवलोकन भ्रमणको मोडललाई अन्यत्र स्थानहरुमा तालिम, गोष्ठिको व्यवस्था गरिने छ।

- कर्मचारीहरुको अवकास पछिको जीवनलाई सुरक्षित बनाउन यसै बर्ष देखि सामाजिक सूरक्षा कोषमा आवद्धता गराइएका छ। ।
- सेवाकेन्द्रहरुमा दिवा कालिन सूरक्षा व्यवस्थाको लागि सूरक्षागार्डको पद सृजना गरि भर्ना प्रक्रिया अगाडि बडाईने छ।
- कर्मचारीहरुको सेवा सुविधाको बिषयमा थप अध्ययन गरि संचालक समितिबाट निर्णय गरिने छ।
- कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता हुने मिति भन्दा अगाडीको संचयकोष र उपदानकोष वापतको रकम कर्मचारीहरुलाई उपलब्ध गराईने छ।

**१२ : शुशासन सम्बन्धि नीतिगत योजना :**

संस्था व्यवस्थित रुपमा संचालन गर्नका लागि शुसासनको महत्वपुर्ण भुमिका रहन्छ। संस्थाले शुसान सहितको सेवा प्रदान गर्नका लागि निम्न अनुसार नीतिगत व्यवस्था गरिने छ।

- सहकारी नियमन प्राधिकरण, सहकारी विभागले, नियमन निकायले जारी गरेको निर्देशन वमोजिम कार्य गर्ने गरि प्रक्रिया अगाडि बढाईने छ।
- संस्थाको गोपनियता कायम गर्नु पर्ने बिषयहरुमा जिम्मेवार बनाईने छ।
- शुसासन नीतिलाई समय सापेक्ष शंसोधन र पुर्न लेखन गरिने छ।

**१३ : सहुलियत ऋण लगानी गर्ने नीति :**

संस्थाले प्रदान गर्ने ऋण रकम मध्य आयमूलक घरेलु उद्यम, व्यवसाय तथा कृषि पशुपालन व्यवसाय संचालन गर्न चाहने सदस्यहरुलाई **सहुलियत** ऋण शिर्षक अर्न्तगत यस संस्थाको विनियम अनुसार स्थापना भएको सहुलियत ऋण लगानी कोषको रकममा नबढ्ने गरि प्रति सदस्य माथिल्लो रकम ५ लाख सम्म यस संस्थाले बचतमा प्रदान गरेको न्यूनतम् ब्याजदरमा थप १ प्रतिसत व्याज लाग्ने गरि ऋण सुविधा उपलब्ध गराउने छ।

**१४. कोष संचालन नीति :**

संस्थाले आन्तरिककोषहरुलाई सु-व्यवस्थित गर्नका लागि निम्न अनुसार कोष संचालन नीति कार्यान्वयनमा ल्याईने छ।

- यस बर्ष संस्थाले कोष संचालन निर्देशिका तयार गरि सोही अनुसार कार्यक्रम संचालन गरिने छ।
- असार मसान्तको अन्त्यमा मौज्दात रहेको कोष रकम जगेडा कोषमा ट्रान्सफर गरिने छ।
- पेन्सन बचत भुक्तानी व्यवस्था कोषलाई जगेडा कोषमा सारिने छ।

**१५. सामुदायिक विकास कोष संचालन गर्ने नीति :**

सामुदायिक विकास कोषमा विनियोजित रकमलाई थप उद्देश्यमुलक र प्रभावकारी गर्नका लागि अन्य क्षेत्रहरुमा कार्य गर्ने नीति संस्थाले लिनेछ।

- सामुदायिक विकास कोषको बजेट मध्य केहि रकम केन्द्र व्यवस्थापनका लागि विनियोजित गरि समुदायमा सहकारी कार्यक्रम अर्न्तगत संचालित केन्द्रहरुको प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ।
- यस कोषको रकमलाई विभिन्न निकायहरुसँग समन्वय गरि संचालित गरिने छ। जस्तै :स्वास्थ्य, वडा कार्यालय, नगरपालिका, नेपाल प्रहरी, स्थानिय समूह, युवा कल्वहरुसँगको समन्वयमा संचालन गरिने छ।

**१६. पेन्सन वितरण कोषलाई व्यवस्थापन गर्ने नीति :**

- सदस्य सुरक्षा अर्न्तगत संचालित पेन्सन वितरण कोष र जिवन तथा आवास सुरक्षा कोषलाई एकीकृत गरि सदस्य सुरक्षा कोष नामाकरण गरि त्यस कोषको आम्दानीलाई प्रत्येक बर्ष आम्दानी जनाई सोही बर्ष खर्च लेख्ने गरि कार्यक्रम संचालन गरिने छ ।
- ७० बर्ष पुगेका सदस्यहरुलाई उपलब्ध गराउदै आएको पेन्सन रकम पनि एउटै कोषबाट उपलब्ध गराउने व्यवस्था मिलाईने छ । जसका लागि पेन्सन प्राप्त गर्ने सदस्यहरुको लागत सहभागिताको लागि वार्षिक रुपमा नविकरण शुल्क लिने व्यवस्था निरन्तरता रहनेछ ।

**१७. कार्यालय सुधार योजना :**

यस संस्थाको प्रशासकिय संरचना र कार्यालय सुधार गर्न आवश्यक ठानी निम्न सुधार योजना कार्यान्वयन गरिने छ ।

- समुदायमा सहकारी कार्यक्रम अर्न्तगत संचालित केन्द्रहरुलाई गुणस्तर र व्यवस्थित गर्नका लागि छुट्टै विभागको स्थापना गरिनेछ।
- हाल केन्द्रीय कार्यालय अर्न्तगत संचालित छुट्टा, छुट्टै शाखाहरुलाई अध्ययन विश्लेषण गरि प्रभावकारी हुने देखिएमा एकीकरण गरिने छ । जस्ले गर्दा ऋण लगानी असुली विभागलाई अझ बढी प्रभावकारी बनाउन सकिने अपेक्षा गरि एको छ ।
- आगामी आ. व. ८२/०८३ मा यस संस्थाको सेवाकेन्द्रहरुलाई थप व्यवस्थित गरिने छ ।
- ताहुँ सेवा केन्द्रको कार्यालय व्यवस्थापनलाई थप व्यवस्थित गरिने छ । ताहुँ सेवाकेन्द्रमा आवश्यक भौतिक सामाग्री थप गरिने छ । कार्यालय रङ रोगन गरिनेछ।
- रामटार सेवा केन्द्रको कार्यालय व्यवस्थपनका लागि कार्यालय रङ रोगन गरिने छ ।

**१८. संस्थाको नीति तथा कार्यविधिहरु शंसोधन गर्ने नीति :**

यस संस्थाले समय सापेक्ष विकसित र शंसोधित ऐन कानुन वमोजिम संस्थाको आवश्यकता अनुसार नीति तथा कार्यविधिहरु शंसोधन गरिने छ । आर्थिक प्रशासनिक नीतिको पूर्ण तया कार्यान्वयन र परिपालना गरिने छ । दैनिक प्रशासनिक खर्च, कार्यालयका आवश्यक सामाग्रि खरीद, भ्रमण भत्ता बजेटमा उल्लेख गरे बमोजिम उपलब्ध गराईने छ ।

**१९. विनियम संशोधन र अन्य विविध बिषयहरुमा :**

अन्तमा संस्थाका नीति नियमहरु नेपाल सरकार सहकारी नियमन प्राधिकरण, सहकारी विभागले जारी निर्देशन वमोजिम संचालित हुनेछन् भने संस्थाको विनियम र कार्यविधिहरु शोही अनुसार शंसोधन गर्नु पर्ने देखिएको छ । यस बर्ष निर्वाचन सहितको साधारण सभा भएकाले उक्त साधारण सभा सम्पन्न गर्नका लागि सोहि अनुसार बजेट विनियोजन गरिएको छ । गुणात्मक कार्यका लागि नेफ्स्कूनबाट संचालित स्तर उन्नति प्रोवेसन कार्यक्रममा आवद्धतालाई निरन्तरता दिईने छ । संस्थालाई सवल र सक्षम बनाउन समय सापेक्ष संचालक समिति, कर्मचारीहरुलाई आवश्यकता अनुसारको तालिमको व्यवस्था गरिने छ ।

अन्तमा संस्थालाई संख्यात्मक वृद्धि गर्नु भन्दा गुणात्मक कायम गर्नका लागि हामी सबैमा सकरात्मक सोचको विकास हुन जरुरी छ । संचालक समितिका साथीहरुले शुसासनमा ध्यान दिन आवश्यक छ भने कर्मचारीहरुले नीति, कार्यविधिको पालना गर्दे कर्तव्यनिष्ठ भईयो भने मात्र संस्थालाई दीगो र वलियो बनाउन सकिन्छ भन्ने विचार राख्दै सम्पुर्ण शेयर सदस्यज्यूहरु, उपसमितिका पदाधिकारीज्यूहरु बाट सकरात्मक राय सल्लाहको अपेक्षा राख्दै यस प्रतिवेदन लेखनबाट विदा माग्दछु ।

(जय सहकारी )

# २७औं साधारण सभा २०८२मा कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

**देवेन्द्र प्रसाद पोखरेल**
कोषाध्यक्ष



सभाका अध्यक्ष महोदय,

यस गरिमामय २७ औं वार्षिक साधारण सभालाई सफल बनाउन हाम्रो निम्तोलाई सहर्ष स्वीकार गरि पाल्नुहुने आदरणीय शेयर सदस्यज्यूहरु तथा सम्पूर्ण शुभचिन्तक महानुभावहरुमा म र सिङ्गो अन्धकारमुक्ति साकोसको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

यो संस्था सहकारी ऐन २०४८ र नियमावली २०४९ अनुसार २०५६ साल पौष २० गते तत्कालिन डिभिजन सहकारी कार्यालय तानसेन पाल्पामा दर्ता भई संचालन भएको संस्था हो । स्थापना कालमा संस्थाका मुल उद्देश्यहरु समाजमा छरिएर रहेका पुँजी एकीकृत गरि सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपमा सुदृढ गर्ने रहेकोमा हाल आएर समयको परिवर्तन र सदस्यहरुको माग संगै यस अन्धकारमुक्ति साकोसका कैयौ उद्देश्य र सामाजिक दायित्वहरु थपिएका छन् ।

यस अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. र पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ५ बेफाड बजारमा रहेको सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. रामपुर पाल्पा बीच एकीकरण भई एकीकृत कारोबार गरि सदस्यलाई बचत फिर्ता सेवा, ऋण सेवा, निरन्तर रेमिटान्स सेवा दिदै यस बिषम परिस्थितीमा आवश्यकता अनुसार ऋण जोखिम कोषको व्यवस्था गर्दै आज **NFRS** लेखा प्रणाली अनुसार लेखा परिक्षण गराइ ३,४६,६१,४८९/- - शुद्ध नाफा (मुनाफा) आर्जन गरि सदस्यहरुलाई ५.५ प्रतिशत शेयर लाभांस र नियमानुसार संरक्षित पूजीँ फिर्ताकोष बितरण गर्न सफल भएको छ । गत बर्षको तुलनामा वितरण योग्य लाभांश प्रतिशत कम भएता पनि संस्थाको जोखिम ऋण व्यवस्था कोष र संचित कोष बृद्धिले संस्थाको जग अझ मझबुत गराएको छ यसलाई सकारात्मक रुपमा लिन सकिन्छ । यहाँ सम्मको यात्रामा शेयर सदस्यहरुले गर्नु भएको योगदानको लागि कृतज्ञता व्यक्त गर्न चाहान्छु । यहाँहरुको बिश्वासले नै आज ११४४० जना शेयर सदस्य र १ अर्ब ६४ करोड भन्दा बढीको कारोबार गर्न सफल भएका छौ । हामी शेयर सदस्यहरुको हितलाई ध्यानमा राखि आर्थिक स्थिति मजबुत पार्दै नीति नियमलाई समय सापेक्ष परिमार्जन गर्दै हाम्रो सेवा सुबिधाहरु अझ बिस्तार गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छौं । समयको माग तथा प्रतिस्पर्धी बजारमा संस्था प्रतिको विश्वसनियता कायम गर्दै समयानुकुल आधुनिक प्रविधिको प्रयोग र सदस्यहरुको सुविधा र आवश्यकतालाई मध्यनजर गदै ABBS कारोवार, संस्थाको आफ्नै मोवाइल एप्स (Andhakarmukti Digital Banking App) संचालनमा ल्याई Digital Banking कारोवारको सुविधा प्रदान गरि रहेका छौ ।

वर्तमान अवस्थामा समयको माग र सदस्यको आवश्यकता, चाहना र भावनालाई दृष्टिगत गदै नीति, विधि र आधुनिक प्रविधिको प्रयोग गरि संस्थालाई अगाडि बढाउने प्रयत्न गरिएको छ । गत साधारण सभाबाट स्वीकृत भएका कार्यक्रमहरु बिश्व अर्थतन्त्रमा आएको आर्थिक मन्दीको प्रभाव नेपाल जस्तो विकासोन्मुख देशको सहकारी क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव परेको कारण संस्थाले गत आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट पूर्णरुपमा कार्यान्यवन गर्न नसकेता पनि समग्र वित्तिय सुचक र सदस्यहरुको संस्था प्रति बिश्वास निरन्तर रहि रहेको अनभूती गरेको छु । संस्थाको संस्थागत बिकासको लागि नेफ्स्कून लगायत अन्य

बैंक तथा वित्तिय संस्थाहरुसंग सहकार्य गरि सदस्यहरुको आवश्यकता अनुसार नीति तथा कार्यक्रम र बजेट ल्याएको छौं ।

१.अघिल्लो बर्षहरुको उपलब्धीहरुको बिश्लेषण तथा आगामी बर्षको अनुमान

| क्र. स. | विवरण | गत आ.व. ०८०/०८१ | यस आ.व. ०८१/०८२ | बृद्धिदर | आगामी आ.व. ०८२/०८३ | बृद्धिदर |
|---|---|---|---|---|---|---|
| १. | शेयर सदस्य | ११०१४ | ११४४० | ४ | १२५९० | १० |
| २. | शेयर पुँजी | १५,४४,५२,९०० | १५,८३,५१,५०० | ३ | १६,५१,४५,०६६ | ४ |
| ३. | बचत निक्षेप | १,२११४,३६,९०२ | १,२६,२०,७०,३२३ | ४ | १,३८,८२,७७,३५५ | १० |
| ४. | ऋण (लगानी) | १,०३,४८,८९,०९७ | १,०५,३६,४८,६७६ | २ | १,१५,९०,१३,५४२ | १० |
| ५. | भाखा नाघेको ऋण | ७,६०,९३,७२४ | ८,७५,६५,९२३ | १५ | ९,३१,८७,६२७ | ६ |
| ६. | आय(आम्दानी) | १९,२३,१३,४१४ | १६,६५,३८,४६३ | (१३) | १५,७२,५६,७९५ | (६) |
| ७. | व्याय (खर्च) | १४,०८,०४,६२३ | १२,६७,९६,२०० | (१०) | ११,५७,६७,२५२ | (९) |
| ८. | खुद बचत (नाफा) कर पछिको | ४,७०,२३,७९६ | ३,४६,६१,४८९ | (२६) | ३,६३,०३,३५० | ५ |
| ९ | जगेडा कोष | १३,११,२६,७०८ | १४,१७,०१,६२९ | ८ | १६,१४,०९,८२६ | १४ |
| १० | अन्य कोष | ४,८५,५०,९६८ | ४,३९,३८,११७ | (१०) | ४,७३,१४६८७ | ८ |
| ११ | ऋण जोखिम व्यवस्था कोष | ५,४८,२६,२३४ | ७,३५,८२,५४० | ३४ | ८,६१,५६,३५५ | १७ |
| १२ | कुल सम्पत्ति तथा दायित्व | १,५७,८३,८९,०६६ | १,६४,३९,२४,४२३ | ४ | १,८०,८३,१६,८६५ | १० |

आदरणीय शेयर सदस्य महानुभावहरु,

लामो समय देखि सर्म्पक बिहिन शेयर सदस्यहरुको ऋणको अपलेखन गर्नु, असुली हुन नसकी भाखा नाघेको ऋण रकम बरावरको रकम जोखिम कोषमा व्यवस्था गर्नु, संस्थाको दैनिक प्रशासनिक खर्च बढ्नु, ७० बर्ष माथिका जेष्ठ शेयर सदस्यहरुलाई बितरण गर्ने मासिक भत्तामा व्ययभार थपिनु, शेयर लाभांस गत बर्षको तुलनामा ह्वात्तै घट्नु र कार्यक्रम खर्च बढ्दै जानु संस्थामा चुनौतीको रुपमा देखिएको छ । यसको प्रभाव आगामी आ.व. पनि पर्ने देखिन्छ तसर्थ शेयर सदस्यज्यूहरुले संस्था एंव सदस्यहरुको हितलाई सर्वोपरी ठानी कार्यक्रम संचालन खर्च र मासिक पेन्सन भत्ता कटौती गर्न तर्फ पुर्नबिचार गर्न आउने नयाँ संचालक समितिलाई उचित सल्लाह र सुझाव सहित मार्गदर्शन गर्नुहुनेछ भन्ने अपेक्षा राख्दछु । आगामी दिनमा पनि नाफा बृद्धि गरि शेयर सदस्य सेवा कार्यक्रमलाई बढवा दिदै आगामी आ.व. ०८२/०८३ को लागि १२५९० शेयर सदस्य बनाई बिभिन्न श्रोतहरुबाट रु. १५,७२,५६,७९५/-आम्दानी र बिभिन्न श्रोतहरुमा रु. ११,५७,६७,२५२/-अनुमानित खर्च हुने गरि कर पछिको रु.३,५६,९४,१२३/-शुद्ध बचत (मुनाफा) गर्ने र नियममानुसार शेयर लाभांस र संरक्षित पूँजी फिर्ताकोष बाड्ने लक्ष्यका साथ अगाडि बढीरहेका छौं ।

अन्तमा लेखा परिक्षक चार्टर्ड एकाउन्टेन्ट श्री अनिश ज्ञवालीबाट प्रस्तुत आ.व. ०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन तथा आय व्यय विवरण र आगामी आ.व. ०८२/०८३ को अनुमानित बजेट तथा कार्यक्रम संचालक समितिमा छलफल गरि स्वीकृतिका लागि यस सभा समक्ष पेश गरेको व्यहोरा जानकारी गर्दछु ।

धन्यवाद ।

# २७औं साधारण सभामा ऋण उप समिति संयोजकद्वारा प्रस्तुत प्रतिवेदन-२०८२



**मुक्ति प्रसाद भट्टराई**
**संयोजक**

यस अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्थाको २७ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, श्रद्धेय प्रमुख अतिथिज्यु, विशिष्ट अतिथिज्यू, मञ्च आसिन आदरणीय अतिथिगण, संचालक समितिका साथीहरु, सल्लाहकारज्युहरु, लेखासुपरिबेक्षण समितिका साथीहरु बिभिन्न उपसमितिका संयोजक एवं सदस्यज्युहरु, पूर्ब संचालक समितिका अध्यक्ष तथा पदाधिकारीज्यूहरु, यस गरिमामय साधारण सभामा उपस्थित हुनुभएका जिम्मेवार शेयर धनी महानुभावहरु, संचारकर्मी पत्रकार मित्रहरु, संस्थाका ब्यवस्थापक एवं कर्मचारी साथीहरुमा २७ औं वार्षिक साधारण सभा २०८२ को यस विषेश अबसरमा सम्पूर्णमा हार्दिक सहकारी अभिवादन

म अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. को ऋण उपसमितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को समग्र संस्थाको ऋण व्यवस्थापन, ऋण लगानी, असुली र ऋण उपसमितिको कार्य सम्पादन सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दैछु । सदस्यहरुलाई आवश्यक वित्तिय सेवा पुऱ्याउने, ऋण सदुपयोग गराउने र सहकारीको वित्तिय अवस्था सुदृढ बनाउने उद्देश्यले ऋण उपसमिति सक्रिय रुपमा कार्य गरिरहेको जानकारी गराउदछु ।

**१. ऋण उपसमितिको संरचना र बैठकहरु :**

- उपसमितिको सदस्य संख्या : ४ जना
- संयोजक : मुक्ति प्रसाद भट्टराई
- सदस्यहरु : जनकराज ढकाल , गौतम बहादुर सुनार, दुर्गा प्रसाद पोखरेल
- आ.व २०८१/०८२ मा सम्पन्न बैठक संख्या : ३९ वटा
- बैठकमा गरिएका मुख्य निर्णयहरु :
  - ➢ नियमित ऋण माग उपर छलफल तथा स्वीकृती
  - ➢ भाखा नाघेको ऋणीहरुसंग छलफल
  - ➢ ऋण असुली विषेश अभियान
  - ➢ भाखा नाघेका ऋणीहरुको सार्वजनिक सुचना प्रकाशनका लागि सिफारिस
  - ➢ कानुनी प्रक्रियाद्धारा ऋण असुलीका लागि सिफारिस
  - ➢ नयाँ लगानीका क्षेत्र पहिचान तथा विस्तार

२. ऋण लगानीको अवस्था

- ➢ आ.व २०८१/०८२ मा ऋण माग आवेदन दिने सदस्य संख्या : २३६३ जना
- ➢ ऋण स्वीकृत भई लगानी भएको सदस्य संख्या : २२१९ जना
- ➢ संस्थामा आ.व.२०८१/०८२ को असार मसान्त सम्म ऋणी संख्या : ३१४४

४. ऋण लगानीका प्रमुख क्षेत्रहरु :

- कृषि तथा पशुपालन ऋण
- ब्यापार ब्यवसाय ऋण

- उधोग ऋण
- सामाजिक ऋण
- अन्य
-

५. ऋण लगानीका शिर्षकहरु :

| क्र.सं. | ऋण शिर्षक (उद्देश्य अनुसार) | लगानीमा रहेको रकम | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि ऋण | ९१,९३२,०१६ | ८.१६ |
| २ | व्यापार, व्यवसाय ऋण | ४३०,८५१,३२३ | ३८.२२ |
| ३ | पशुपालन ऋण | २०९,४५६,७४८ | १८.५८ |
| ४ | साना उद्योग ऋण | १८१,६८७,६९३ | १६.१२ |
| ५ | हायरप्रचेज ऋण | ३८,१९७,३३० | ३.३९ |
| ६ | घर, जग्गा ऋण | ५१,३०३,८६१ | ४.५५ |
| ७ | सामाजिक ऋण | १२०,३४९ | ०.०१ |
| ८ | बैदेशिक रोजगार ऋण | ८,६४५,३६९ | ०.७७ |
| ९ | शैक्षिक ऋण | ४६,२३५,३०१ | ४.१० |
| १० | युवा स्वारोजगार ऋण | २२,५२३,६१४ | २.०० |
| ११ | कर्मचारी बचत धितो ऋण | ११,४१४,९०३ | १.०१ |
| १२ | आवधिक बचत धितो ऋण | १७,३२५,९७४ | १.५४ |
| १३ | बचत धितो ऋण | ५१६,६८१ | ०.०५ |
| १४ | कर्मचारी कल्याणकारी ऋण | १७,०२०,०५४ | १.५१ |
| **जम्मा** | | **१,१२७,२३१,२१६** | **१००** |

६. ऋण असुलीको अवस्था :

- असुली भएको ऋणीको संख्या :३१४४
- कुल भाखा नाघेको ऋण : ८,७५,६५,९२३
- कुल ऋण जोखिम कोष : **७३५८२५३९.७**
- कुल लगानीमा रहेको ऋण :**१,१२७,२३१,२१६**

७. भाखा नाघेको ऋणको व्यवस्था :

| क्र.सं. | ऋणको अवस्था | ऋण रकम | संख्या | व्यस्था प्रतिशत | ब्यवस्था रकम |
|---|---|---|---|---|---|
| १. | असल ऋण | १,०३९,६६५,२९३ | २९२९ | १ | १०३९६६५२.९ |
| २. | कमसल | १३,७७७,१६९ | २५ | २५ | ३४४४२९२.२५ |
| ३. | शंकास्पद ऋण | २८,०९४,३१९ | ३७ | ५० | १४०४७१५९.५ |
| ४. | खराव ऋण | ४५,६९४,४३५ | १५३ | १०० | ४५,६९४,४३५ |
| **जम्मा** | | **१,१२७,२३१,२१६** | **३१४४** | | **७३५८२५४०** |
| | | | | | |

८. नीतिगत सुधार र कार्यहरु

❖ पल्स सुचक अनुसार कुल सम्पत्तिमा ऋणको अनुपात ७०-८०% हुनुपर्नेमा यस संस्थाको आषाढ मसान्त सम्मको कुल सम्पत्तिको अनुपातमा ६३.९२.% रहेको छ ।

- ❖ सहकारी नियमावली अनुसार एकै पटकमा बढीमा संचालक समितिको ४९% ले ऋणको कारोवार गर्न सक्ने व्यवस्था भएपनि राष्ट्रिय सहकारी प्राधिकरण जारी निर्देशन २०८२ अनुसार संचालक समितिको मिति २०८३ असार मसान्त सम्म ऋण चुक्ता गर्नु पर्ने नीति कार्यान्वयन गरिनेछ ।
- ❖ ऋण लगानीलाई पारदर्शी सर्वशुलभ, उत्पादनमुखी जोखिम रहित बनाउनका लागि संस्थाको सेवाकेन्द्र मार्फत दैनिक जसो हुने ऋण लगानीलाई केन्द्रिय कार्यालयमा रहेको ऋण विभागले परियोजना विश्लेषण, कागजात चेकजाँच गरि रु.१ लाख भन्दा माथिको ऋण केन्द्रिय कार्यालयबाट स्वीकृती गर्ने व्यवस्था मिलाइएको छ ।
- ❖ बिना धितो ऋण रु. ३ लाख र धितो ऋण रु. ५ लाख सम्मको रकम सेवाकेन्द्र प्रमुखको स्वीकृतीमा, रु. ५ लाख देखि माथि रु. २० लाख सम्मको रकम ऋण उपसमितिको स्वीकृतीमा र सो भन्दा माथिको ऋणलाई ऋण उपसमितिको बैठकमा छलफल भई पास गरि संचालक समितिको बैठकलाई सिफारिस गर्ने र संचालक समितिको बैठकबाट स्वीकृती भएको रकम लगानी गर्ने नीति कार्यान्वयन गरिएको छ ।
- ❖ ऋण जोखिमलाई न्यूनिकरण गर्नका लागि धितोबन्धक पास गरि ऋण प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । साथै सदस्यहरुको सुविधालाई मध्यनजर गर्दै धितोबन्धक रोक्का गर्न संस्थाले मालमोत कार्यालयसंग सम्झौता गरि भू सेवाकेन्द्र मार्फत सेवा प्रवाह गरेको छ ।
- ❖ ऋण लगानीलाई व्यवस्थित गर्नका लागि ऋण लगानी पुर्व 5c बिश्लेषण गरि ऋण प्रवाह गर्ने कार्यलाई कार्यान्वयनमा ल्याईएको छ । ऋणको प्रकार र उद्देश्य अनुरुप आवश्यक कागजपत्र पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । जसले गर्दा ऋण लगानीमा जोखिम न्यूनिकरण भएको छ भने उत्पादनशिल क्षेत्रको लगानीको प्राथमिकताले ऋण सदुपयोगिता बढेको छ ।
- ❖ हप्तामा एक दिन मंगलबार ऋण-उपसमितिको बैठक बस्ने र आबश्यक परेमा आवश्यकता अनुसार बैठक बस्न सक्ने गरि व्यवस्था मिलाईएको छ ।
- ❖ २०८२ साल असार मसान्तसम्म ऋण उपसमितिको ३९ पटक बैठक बसी सदस्यहरुबाट माग गरिएको ऋण उपर छलफल गरि सो ऋणहरु स्वीकृत पश्चात मात्र सदस्यहरुलाई विभिन्न उद्देश्यमा ऋण प्रवाह गरिएको थियो । गत आर्थिक बर्षमा लगानीमा रहेको रकम रु. १,०३,४८,८९,०९७/-रहेकोमा यस आ. बर्ष मा १.८१ प्रतिशतले वृद्धि भई यस आर्थिक बर्षमा रु.१,०५,३६,४८,६७६/- पुगेको छ ।

संस्थाले ऋणको जोखिमलाई ध्यानमा राखी यस वर्ष पनि जोखिम ऋण व्यवस्थालाई निरन्तरता दिईएको छ । यसको लागि सहकारी विभागले ल्याएको मापदण्डमा उल्लेख गरिएको व्यवस्था वमोजिम नै ऋण वर्गिकरण गरि सोही अनुसारको व्यवस्था गरिएको व्यहोरा अवगत गराउन चाहन्छु । गत आर्थिक बर्षमा ऋण सुरक्षण कोष रु.५,४८,२६,२३४/- रहेकोमा यस बर्ष ३४.२१ ले बृद्धि भई यस आर्थिक बर्षमा रु.७,३५,८२,५४०/-पुगेको अवगत गराउन चाहन्छौं जसले ऋणको जोखिमबाट आउने समस्यालाई संस्थाले समयमानै व्यवस्थापन गर्न सकेको छ ।

९. चुनौती, समस्या र सम्भावनाहरु :

- ❖ केहि ऋणीहरुले ऋणको उद्देश्य अनुरुप ऋण सदुपयोग नगरेको हुनाले किस्ताले भाखा नाघि खराव ऋणको संख्या बढ्न सक्ने देखिन्छ ।
- ❖ हाम्रो कार्यक्षेत्र भौगोलिकरुपमा विकट रहेको हुँदा प्रयाप्त धितो नहुनाले ऋण आवेदन अस्वीकृत गर्नु परेको छ ।
- ❖ विनाधितो ऋण लगानी गर्दा जोखिम पनि संङ्गसंगै बढदै जाने देखिएको छ ।
- ❖ व्यवसायमा परेको नकारात्मक असर तथा देशले भोगेको राजनीतिक अस्थिरताका कारण यूवा विदेश पलायनले सदस्यमा चरम निरासा बढ्दै गएको छ ।

- नयाँ लगानीका क्षेत्रहरु पहिचान नहुदा तरलता बढ्दै गएको छ ।

१० सम्भावना र अवसरहरु :

- संस्थामा प्रयाप्त तरलता र ठुलो भौगोलिक कार्यक्षेत्र साथै कालीगण्डकी करिडोरले भित्राएको बजारिकरणको सम्भावनाले नयाँ ब्यवसायी, ब्यापारिक केन्द्रको रुपमा विकसित भएको छ ।
- ऋण सदुपयोगिताको लागि अनुगमनलाई थप प्रभावकारी गर्न सकिने ।
- समयमै ऋण असुलीलाई सुनिश्चित गर्न ऋणीसंग निरन्तर सम्पर्कमा रहने ।
- महिला तथा युवा उद्यमशिलता प्रवर्द्धन गर्ने ऋण योजना ल्याउने ।
- सदस्यहरुका लागि वित्तिय साक्षरता कार्यक्रम विस्तार गरिने ।

अन्तमा ऋण उपसमितिको हैसियतले यो वर्ष धेरै सकारात्मक उपलब्धिहरुका साथ सम्पन्न भएकोमा हामी खुसी व्यक्त गर्न चहान्छौं । ऋण उपसमितिको कार्य सम्पादनमा साथ दिनुहुने संचालक समिति, अन्य उपसमिति, व्यवस्थापन तथा सम्पुर्ण सदस्यहरुमा धन्यवाद ज्ञापन गर्दछु । यो वर्ष हाम्रो कार्यकाल समाप्त भैसके छ र अब यसै साधारण सभाले नयाँ नेतृत्वको चयन गर्नेछ । अब आउने नयाँ ऋण उपसमितिले आगामी वर्षहरुमा अझ प्रभावकारी ढंगले ऋण व्यवस्थापन गर्दै सहकारीको समृद्धिको यात्रामा योगदान पुऱ्याउनु हुनेछ भन्ने आशा एवं विश्वासका साथ अग्रिम शुभकामना व्यक्त गर्दछु ।

(जय सहकारी )

## सदस्यले ऋण लिने बेलामा बुझ्नुपर्ने अत्यन्त जरुरी कुराहरु

१.संस्थाले बजारमा चलिरहेको वित्तिय अवस्था अध्ययन गरी समय/समयमा बचत र ऋणको ब्याजदर परिवर्तन गर्न सक्नेछ र उक्त ब्याजदर परिवर्तनलाई सम्पुर्ण शेयर सदस्यले स्वीकार गर्नुपर्नेछ ।

२.हरेक सदस्यले ऋण भुक्तानी तालिका अनुसार ऋणको साँवा र ब्याज भुक्तानी गर्नु पर्नेछ ।

३.सदस्य संस्थामा ऋण भुक्तानी गर्न आउँदा अघिल्लो बिल अथवा सदस्यको खाता नं. लिएर मात्र भुक्तानी गर्न आउनु पर्नेछ, नबुझेको कुरा तत्काल सोध्नु पर्नेछ साथै फिल्डमा पैसा बुझाउदा पासबुक भरेर मात्र पैसा दिनु पर्नेछ यदि पासबुकमा नभरिकन दिएको पैसाको बारेमा कहि कतै उजुर बाजुर लाग्ने छैन ।

४.ऋण भुक्तानी तालिका अनुसार भाखा नाघेको तथा नियमित ब्याज र किस्ता भुक्तानी नगरेको दुवै ऋणलाई भाखा नाघेको ऋणको रुपमा परिभाषित गरिने हुँदा भाखा नघाउने ऋणी सदस्यको "५ सी" अर्न्तगत ऋणको स्तर मुल्याङ्कन गर्दा ऋण लगानीको लागि अयोग्य ठहर्ने भएकोले त्यस्ता ऋणीहरुलाई ऋण प्रवाह गर्न संस्था बाध्यकारी हुने छैन ।

५.बचतको आधारमा ऋण लगानी गरिने ऋणले भाखा नाघेको खण्डमा सदस्यले वेवास्ता गरि आलटाल गरेमा आफ्नो सबै प्रकारको बचत तथा शेयरबाट समेत कटाई ऋण असुली गर्नेछ ।

६. सदस्यले जुन उद्देश्यको लागि ऋण लगेको हो त्यसै शिर्षकमा लगानी गर्नु पर्नेछ ।

७.सदस्यले आफ्नो लागि लिएको ऋण अन्य व्यक्तिलाई उपयोग गर्न दिन पाइने छैन उक्त ऋणको ब्याज र साँवा रोकिन गएमा उक्त ऋणी सदस्यले बुझाउनु पर्नेछ साथै उ आफै जवाफदेही हुनेछ ।

८.सदस्यले लगेको ऋणको बारेमा आफ्नो घर परिवारको सबै सदस्यहरु (पति पत्नी छोरा छोरी) लाई जानकारी आफैले गराउनु पर्नेछ पछि यहाँ छैन, हामीलाई थाहा छैन भन्ने कुनै आनाकानी गरेमा संस्था जवाफदेही हुने छैन ।

९.सदस्यले आफ्नो लालपुर्जा र तिरो तिरेको रसिदको एक/एक प्रति घरमा राख्नु पर्नेछ पटक/पटक संस्थामा माग्न पाइने छैन ।

१०.संस्थामा ऋण भुक्तानी गरिसके पछि पनि लामो समयसम्म जग्गा फुकुवा नलगेको खण्डमा संस्थामा सम्पर्क गरि जग्गा फुकुवा गर्नु पर्नेछ ।

# २७औं साधारण सभामा लेखा सुपरिवेक्षण समिति संयोजकद्वारा प्रस्तुत प्रतिवेदन-२०८२



**विष्णु प्रसाद लम्साल**
**संयोजक**

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर पाल्पाको २७ औं गरिमामय वार्षिक साधारण सभाका सभाध्यक्ष एबम् यस संस्थाका अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, उपाध्यक्ष तथा संचालक समितिका पदाधिकारी एबम् सदस्य ज्युहरु, सल्लाहकारज्युहरु, अन्य उपसमिति सदस्य ज्युहरु, पत्रकार एवं उपस्थित सम्पुर्ण शेयर सदस्य तथा समुदायमा सहकारी कार्यक्रममा आवद्ध शेयर सदस्यज्यूहरु, कर्मठ कर्मचारी लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरुमा यस संस्थाको लेखा सुपरिवेक्षण समिति संयोजकको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन टक्रयाउन चाहान्छु ।

सहकारीताको मूल्य र मान्यता एबं सिद्धान्तलाई आत्मसात् गरि समुदायमा निष्कृय रुपमा छरिएर रहेका साना साना पुँजीलाई शेयर र निक्षेपको रुपमा संकलन गरि सदस्यहरुको हितका लागि उत्पादन एबं रोजगारीमुलक क्षेत्रमा लगानी गर्ने र सदस्यहरुको आर्थिक र सामाजिक स्तर उकास्ने उद्देश्य लिएर स्थापित यस अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर पाल्पा बिगतका २६ बर्षमा बिभिन्न आरोह अवरोहको सामना गर्दै सहकारीको क्षेत्रमा एउटा उदाहरणीय संस्थाको रुपमा बिकसित भएको कुरा यहांहरु समक्ष व्यक्त गर्न पाउदा अत्यन्त खुसी लागेको छ । कोभिड संक्रमणले पारेको प्रतिकुल समय र परिस्थीतिमा पनि संयम, दृढ र धैर्यतापुर्वक आफ्नो क्रियाकलाप संचालन गर्दै आजको अवस्थासम्म आइपुगेको ब्यहोरा यहांहरु समक्ष खुल्ला किताब जस्तै छ । संस्थाको यस समितिले संस्थालाई अझ मजबुत बनाउने कार्यमा आफ्नो क्षमता, र विवेकको हर सम्भव प्रयत्नरत रहेको छ । समय समयमा हामीले संचालक समितिलाई संस्थाका गतिविधि उपर लिखित तथा मौखिक सुझाव दिदै आएका छौं । साथै दिईएका सुझाव सल्लाह अनुसरण गर्नु सम्बन्धित समितिको दायित्व रहने ब्यहोरा यहाँहरुलाई सर्ब विदितै छ ।

आदरणीय शेयर सदस्यज्युहरु, सभाध्यक्षको अनुमतीले आजको यस साधारण सभामा हाम्रो समितिको तर्फबाट संस्थाको विनियम, संस्था संचालनका लागि बनेका अन्य नीति नियमहरुमा आधारित रहि लेखा समितिको सहकर्मी सदस्य मित्रहरु रामप्रसाद ढकाल र कृष्ण भण्डारीको साथमा हामीले संस्थाको वित्तिय विवरणहरु बिल, भरपाई र निर्णय पुस्तिकाहरु लगायत समग्र आर्थिक कारोवार तथा अभिलेखहरुको हामीले पाएको जिम्मेवारी अनुसार समय समयमा निरीक्षण अनुगमन गर्दै संचालक समितिलाई अवगत गराउदै आएको व्यहोरा सर्व विदितै छ । आन्तरिक लेखा परिक्षणको क्रममा जे जस्ता तथ्यहरु प्राप्त भए तिनको आधारमा निम्न प्राप्ती तथा सुझावहरुलाई बुंदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. संस्थाका गतिविधिहरु सहकारी ऐन, नियम, विनियम र २६ औं साधारण सभाले निर्देश गरे बमोजिम रहेको पाएका छौं ।

२. संचालक समितिको बैठक निर्धारित मिति र समयमै बसी संस्था र शेयर सदस्यहरुको संमग्र हित हुनेगरि निर्णय गरेको पाईयो ।

३.नियमन निकायबाट समय समयमा संस्थालाई अनुगमन गरि दिएको सुझावहरु संचालक समितिले कार्यान्वयन गरेको पाईएको छ ।

४.संस्थाले आफ्नो कार्यक्रम कार्यन्वयन गर्दै मुनाफालाई पनि बृद्धि गर्दै लगेको पाईएको छ ।

५.संस्थामा भएको कारोवार पारदर्शि रहेको पाईयो ।

## संस्थाको गुणात्मक वृद्धिका लागि हामीले आगामी दिनमा निम्न अनुसार विषयहरूमा सुधार हुने आशा लिएका छौं:

१.वार्षिक कार्ययोजना अनुसार सदस्यता बृद्धि नभएकोले सदस्य बिस्तारमा लाग्नुपर्ने ।

२.वार्षिक रुपमा अनिवार्य SWOT Analysis गर्न उपयुक्त हुने देखिएको ।

३.महत्वपुर्ण खाता तथा तमसुकहरुमा ऋणीको पुरा विवरण स्पष्ट रुपमा Fire proof दराजको व्यवस्था गरि सुरक्षित रहने गरि अभिलेख राख्नुपर्ने साथै सदस्यहरुको KYM form update पुर्णरुपमा कार्यान्वयन गर्नुपर्ने ।

५.नियमित भल्ट परिक्षणको व्यवस्था मिलाई नगदमा हुने सक्ने जोखिम न्युनिकरणमा ध्यान पु-याउनुहुन ।

६.सदस्यहरुको ऋण तिर्न सक्ने क्षमताको गहन अध्ययन गरि उत्पादनमुखी व्यवसायमा ऋण लगानी गर्नुपर्ने देखिन्छ ।

७.तरलताको सुचक निरन्तर मापदण्ड भन्दा माथि देखिएकाले यथाशीघ्र नयां योजना सहित प्रभावकारी संयन्त्र निर्माण गरि सबै सेवाकेन्द्रहरुलाई बिशेष परिचालन गर्नुपर्ने देखिन्छ ।

८.संचालक समितिको बैठक संख्यात्मक हुनुभन्दा गुणात्मक रुपमा गुणस्तरियतामा बृद्धि गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा

हामीले यस सभामा प्रस्तुत गरेका टिप्पणी तथा सुझावहरुमा उपस्थित सबै शेयरधनी महानुभावहरुले गहन छलफल तथा बिश्लेषण गरि संचालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति तथा व्यवस्थापनलाई ठोस मार्ग निर्देशनको अपेक्षा गर्दै संस्थाले गरेको सम्पुर्ण आर्थिक गतिबिधीहरुको विस्तृत रुपमा अध्ययन गरि सोको संक्षेपमा प्रस्तुत गरेको छु । संस्थाको लेखा सुपरिवेक्षण समितिको तर्फबाट आफ्नो जिम्मेवारी क्षमता भएसम्म हामीले निर्वाह गर्न इमान्दारीपुर्वक प्रयत्न गरेका छौं । यहांहरुबाट प्राप्त सहयोग लाई हामीले सकेसम्म संस्थाको सहकारी अभियानसँग समाहित गर्ने नै छौ भन्ने प्रतिबद्धता जाहेर गर्दै आगामी दिनमा संस्थाले अरु अग्रगामी गति लियोस् भन्ने शुभेच्छा प्रकट गर्दै तथा लेखा सुपरिवेक्षण समितिका हैसियतले यो प्रतिवेदन पेश गर्ने अनुमति प्रदान गर्नु भएकोमा आयोजक प्रति आभार प्रकट गर्दै बिदा हुने अनुमति चाहान्छु ।

(जय सहकारी)

### नियमित वा मासिक बचत गर्ने बारे अत्यन्त जरुरी सुचना :

यस संस्थाको शेयर सदस्यहरुले आफ्नो मासिक वा वार्षिक नियमित बचत गरेर असल शेयर सदस्यको पहिचान गराउनुहुन अनुरोध छ । नियमित बचत नभएमा सदस्यहरुले पाउने सेवा सुविधा तथा तालिम भ्रमणहरुमा साथै संरक्षित पूँजि फिर्ता कोषको रकम समेतबाट वंञ्चीत गर्न सकिने व्यहोरा जानकारी गरिन्छ ।

भाग-३

# लेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदन २०८१/०८२

& G. Associates
artered Accountants

Head Office
Anamnagar, Kathmandu - 29, Nepal

Branch Office
Kalikanagar, Butwal-11, Rupandehi

PAN: 301216742
+977-01-4102649
+977-071-415324
info@gandg.com.np

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमीटेडका**
**शेयरधनी महानुभावहरू समक्ष स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन**

### लेखापरीक्षकको राय

हामीले श्री अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमीटेड, रामपुर, पाल्पाको यसै साथ संलग्न २०८२ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष (२०८१-२०८२) को आय बिबरण हिसाब, नगद प्रबाह बिबरण, ईक्वीटिमा भएको परिवर्तन तथा संलग्न अनुसूचीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले नेपाल वित्तिय प्रतिवेदनमान तथा प्रचलित लेखा सिद्धान्त र सम्बन्धित ऐन अनुसार आषाढ ३२, २०८२ को वित्तीय स्थिति, सो मितिमा समाप्त बर्षको संचालन नतिजा, नगद प्रवाह, ईक्वीटिमा भएको परिवर्तन तथा संलग्न अनुसूचीहरुको सारभुत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ ।

### रायको आधार

हामीबाट लेखापरीक्षण कार्य नेपाल लेखापरिक्षणमान तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून समेतलाई आधारमा राखी सम्पन्न भएको छ । ती मानहरुले हामीलाई ब्यवसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारे मनासिब आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछ । हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेको ICAN's Handbook of The Code of Ethics for Professional Accountants तथा अन्य नैतिक आवश्यकता अनुरुप स्वतन्त्र रही लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### वित्तीय विवरणहरुप्रति व्यवस्थापकको जिम्मेवारी

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटि रहित, वित्तीय विवरण संबन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा संबन्धित महत्वपूर्ण अनुमान गर्नु पर्दछ ।

### लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस सारभुत रुपमा त्रुटीरहित छ वा छैन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरू विद्मान रहेको अवस्थामा समेत लेखापरिक्षण मान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग-अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ।

नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं। क्रमश हामीलेः

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखा परीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारका लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी ,जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाइ समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजी बाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।

G.&G. Associates * Chartered Accountants

G. & G. Associates
Chartered Accountants

Head Office
Anamnagar, Kathmandu - 29, Nepal

Branch Office
Kalikanagar, Butwal-11, Rupandehi

PAN: 301216742
+977-01-4102649
+977-071-415324
info@gandg.com.np

- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई , लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरूको मुल्यांकन गर्दछौं।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरूसँग सम्बन्धित सारभुत अनिश्तताको कारणले सहकारीको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा ,लेखापरिक्षण प्रतिवेदनमा वित्तिय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा , हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरूले लघुवित्त अविछिन्न निकायका रूपमा नरहन सक्दछ।
- वित्तीय विवरणको समग्र प्रस्तुतिकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अन्तरनिहित कारोबार एवमं घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गर्ने नगरेको मूल्याङ्कन गर्दछौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य बिषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायतका कम्पनिको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउँदछौं ।

सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालन गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं।

जि. एण्ड जि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको तर्फबाट

G & G Associates Chartered Accountants

सिए. अनिश ग्याली
साझेदार

मिति २०८२।०५।१५
स्थान पाल्पा
UDIN : 250921CA01222FWdQ5

# अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## रामपुर, पाल्पा
### मिति २०८२ असार मसान्तको
### वासलात

| सम्पत्ति | अनसूची | आ.व. २०८१-०८२ | आ.व.२०८०-८१ |
|---|---|---|---|
| नगद मौज्दात | ४.१ | ४,३९६,२५९ | ८,०९४,६६० |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | २७४,३८०,९०५ | २०२,२५७,६१६ |
| अन्तिम मौज्दात (स्टक) | ४.३ | - | - |
| व्युत्पन्न वित्तीय उपकरण | | | |
| अन्य व्यापारिक सम्पत्तिहरु | | | |
| लगानीमा रहेको ऋण | ४.४ | १,०५३,६४८,६७६ | १,०३४,८८९,०९७ |
| चालु आ.ब. को कर सम्पत्ति | ४.५ | - | ९०९,८७६ |
| सम्पत्तिमा लगानी | | | |
| बाह्य/वित्तिय लगानी | ४.६ | २९०,८७६,२०० | ३१२,०७४,२०० |
| स्थिर सम्पत्ति | ४.७ | ११,८८७,०१२ | १२,१२०,२६१ |
| ख्याती तथा अमुर्त सम्पत्ति | ४.८ | १,३०५,५०८ | १,५५२,९०७ |
| सम्पत्ति प्रयोग गर्ने अधिकार | ४.९ | २,५२७,४८१ | २,३७४,७५१ |
| स्थगन कर सम्पत्ति | ४.१० | १,४०२,९३१ | ८६०,२६५ |
| गैर बैंकिङ्ग सम्पत्ति | ४.११ | | - |
| अन्य सम्पत्तिहरु | ४.१२ | ३,४९९,४५२ | ३,२५५,४३३ |
| **कुल सम्पत्ति** | | **१,६४३,९२४,४२३** | **१,५७८,३८९,०६६** |

| पुँजी तथा दायित्व | अनुसूची | आ.व. २०८१-०८२ | आ.व.२०८०-८१ |
|---|---|---|---|
| व्युत्पन्न वित्तिय उपकरण | | | |
| सदस्यबाट निक्षेप | ४.१३ | १,२६२,०७०,३२३ | १,२११,४३६,९०२ |
| तिर्न बाँकी ऋण/सापट | ४.१४ | - | - |
| आयकर दायित्व | ४.५ | १,३३३,२८८ | - |
| व्यवस्थाहरु | ४.१५ | २२,२६९,९३७ | १९,११९,२५३ |
| स्थगन कर दायित्व | ४.९ | - | - |
| अन्य दायित्वहरु | ४.१६ | १४,२५९,६२९ | १३,७०२,३३५ |
| पुँजीगत अनुदान कोष | ४.१७ | - | - |
| **जम्मा दायित्वहरु** | | **१,२९९,९३३,१७७** | **१,२४४,२५८,४९०** |
| **इक्विटी** | | | |
| चुक्ता शेयर पुँजी | ४.१८ | १५८,३५१,५०० | १५४,४५२,९०० |
| साधारण जगेडा तथा अन्य कोष | ४.१९ | १८५,६३९,७४६ | १७९,६७७,६७६ |
| अन्य कोषहरु | ४.२ | - | - |
| **कुल इक्विटी** | | **३४३,९९१,२४६** | **३३४,१३०,५७६** |
| **कुल पुँजी तथा दायित्व** | | **१,६४३,९२४,४२३** | **१,५७८,३८९,०६६** |

**प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणी** १६

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

जि. एण्ड जि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको तर्फबाट

सिए. अनिश ज्ञवाली
साझेदार

ओम प्रकास बस्याल
सचिव

देवेन्द्र प्रसाद पोखरेल
कोषाध्यक्ष

दिपेन्द्रप्रसाद पौडेल
व्यवस्थापक

मिति २०८२।०५।१५
स्थान पाल्पा
UDIN : 250921CA01222FWdQ5

# अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

मिति २०८२ असार मसान्तको

## नाफा नोक्सान हिसाव

| विवरण | अनसूची | आ.व. २०८१-८२ | आ.व. २०८०-८१ |
|---|---|---|---|
| ऋणबाट ब्याज आम्दानी | ४.२० | १५५,७०९,३१३ | १८१,५४९,३६७ |
| ब्याज खर्च | ४.२१ | (७४,४८१,५४४) | (९८,२३४,१८४) |
| **खुद ब्याज आम्दानी** | | **८१,२२७,७६९** | **८३,३१५,१८३** |
| कमिशन तथा डिस्काउण्ट | - | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२४ | १०,८२९,१५० | १०,७६४,०४७ |
| **कुल सञ्चालन आम्दानी** | - | **९२,०५६,९२०** | **९४,०७९,२३०** |
| सम्भावित ऋण नोक्सानी व्यवस्थाहरु | ४.२५ | (१८,८३२,१०६) | (१०,९२४,२८०) |
| सम्भावित ऋण नोक्सानी ब्यबस्था बाट फिर्ता | ४.२६ | - | - |
| **खुद सञ्चालन आम्दानी** | | **७३,२२४,८१४** | **८३,१५४,९५०** |
| कर्मचारी खर्च | ४.२७ | (२३,८४६,८४६) | (२२,१२१,१३०) |
| अन्य सञ्चालन खर्च | ४.२८ | (७,२३३,३३२) | (७,१४७,०५४) |
| ह्रासकट्टी तथा परिशोधन खर्च | ४.३० | (२,४०२,३७३) | (२,३७७,९७५) |
| **सञ्चालन मुनाफा** | | **३९,७४२,२६३** | **५१,५०८,७९१** |
| गैह्र सञ्चालन आम्दानी | ४.२९ | - | - |
| गैह्र सञ्चालन खर्च | | | |
| **आयकर अघिको नाफा** | - | **३९,७४२,२६३** | **५१,५०८,७९१** |
| **आयकर खर्च** | | **(५,०८०,७७४)** | **(४,४८५,०७५)** |
| चालु आयकर | ४.५ | (५,६२३,४३९) | (५,३४५,३४०) |
| स्थगन कर आम्दानी/(खर्च) | ४.९ | ५४२,६६५ | ८६०,२६५ |
| **खुद नाफा-नोक्सानं** | | **३४,६६१,४८९** | **४७,०२३,७१६** |

प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणी १६

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

जि. एण्ड जि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको तर्फबाट

सिए. अनिश ज्ञवाली
साझेदार

ओम प्रकास बस्याल
सचिव

देवेन्द्र प्रसाद पोखरेल
कोषाध्यक्ष

त्रिभेन्द्रप्रसाद पौडेल
व्यवस्थापक

मिति २०८२।०५।१५
स्थान पाल्पा
UDIN : 250921CA01222FWdQ5

## अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

मिति २०८२ असार मसान्तको

**नाफा/नोक्सान बाँडफाँड हिसाब**

| विवरण | आ.व. २०८१-०८२ | आ.व.२०८०-८१ |
|---|---|---|
| आम्दानी: | | |
| १. यस बर्षको मुनाफा | ३४,६६१,४८९ | ४७,०२३,७१६ |
| कर्जाको पुर्नसंरचना पुर्नतालिकिकरण बापत नियामकिय कोषमा सारिएको | (८,१२५,४७९) | - |
| **जम्मा** | **२६,५३६,०१०** | **४७,०२३,७१६** |
| **बाँडफाँड :** | | |
| साधारण जगेडाकोष २५% | ६,६३४,००२ | ११,७५५,९२९ |
| **बांडफांड गर्न बांकी मुनाफा** | **१९,९०२,००७** | **३५,२६७,७८७** |
| संरक्षित पुजीकोष २५% | ४,९७५,५०२ | ८,८१६,९४७ |
| सहकारी प्रबर्धन कोष ०.५० % | ९९,५१० | १७६,३३९ |
| **बांडफांड गर्न बांकी खुद मुनाफा** | **१४,८२६,९९५** | **२६,२७४,५०१** |
| सेयर लाभाँश कोष ६०% | ८,८९६,१९७ | १५,७६४,७०१ |
| सहकारी शिक्षा कोष ५% | ७४१,३५० | १,३१३,७२५ |
| घाटापुर्ति कोष ५% | ७४१,३५० | १,३१३,७२५ |
| सहकारी विकास कोष ५% | ७४१,३५० | १,३१३,७२५ |
| स्थिरीकरण कोष ५% | ७४१,३५० | १,३१३,७२५ |
| सहुलियत कर्जा लगानी कोष ५% | ७४१,३५० | १,३१३,७२५ |
| अन्य जोखिम व्यवस्थापन कोष ५% | ७४१,३५० | १,३१३,७२५ |
| कर्मचारी बोनस कोष १०% | १,४८२,७०० | २,६२७,४५० |
| **सञ्चित मुनाफा/(नोक्सान)** | - | - |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सागर प्रसाद देवकोटा
अध्यक्ष

विष्णु प्रसाद लम्साल
लेखा संयोजक

जि. एण्ड जि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको तर्फबाट

सिए. अनिश ज्ञवाली
साझेदार

ओम प्रकास बस्याल
सचिव

देवेन्द्र प्रसाद पोखरेल
कोषाध्यक्ष

दिपेन्द्रप्रसाद पौडेल
व्यवस्थापक

मिति २०८२।०५।१५
स्थान पाल्पा
UDIN : 250921CA01222FWdQ5

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**रामपुर, पाल्पा**
**आर्थिक वर्ष २०८१/८२**
**नगद प्रवाह विवरण**

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | १५५,७०९,३१३ | १८१,५४९,३६७ |
| अन्य संचालन आम्दानी | १०,८२९,१५० | १०,७६४,०४७ |
| गैह्र संचालन आम्दानी | - | |
| व्याज खर्च भुक्तानी | (७४,१७३,७२५) | (९७,९६२,१७१) |
| कर्मचारीलाई भुक्तानी | (२१,८५३,१५७) | (२१,९५६,३३२) |
| अन्य खर्च | (८,१३७,३४९) | (१३,५०९,३३३) |
| **संचालन सम्पत्ती र दायित्वको गतिविधी अधिको संचालन नगद प्रवाह** | **६२,३७४,२३२** | **५८,८८५,५७८** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | **(४१,२१५,९७९)** | **१०,७६३,१८५** |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटी | (३७,५९१,६८५) | १०,१८३,२९२ |
| अन्य सम्पत्ति | (३,६२४,२९४) | ५७९,८९३ |
| स्थगन कर सम्पत्ति | | |
| **संचालन दायित्वमा (कमि)/वृद्धि** | **५१,९८६,८६९** | **१५७,९२५,३१६** |
| बैंक तथा वित्तिय संस्थाहरुलाई तिर्न बाँकी रकम | | |
| निक्षेप दायित्व | ५०,६३३,४२१ | १५५,५३९,५५८ |
| अन्य दायित्व | १,३५३,४४८ | २,३८५,७५८ |
| | | |
| **आयकर अधिको संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **७३,१४५,१२२** | **२२७,५७४,०७९** |
| आयकर भुक्तानी | | |
| **संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **७३,१४५,१२२** | **२२७,५७४,०७९** |
| | | |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| स्थिर।अमूर्त।जैविक सम्पत्तिको (खरिद)। विक्रि | (१,१८९,४९४) | (१,४५७,८३२) |
| अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ति | | |
| लगानीको सम्पत्तिको खरिद | २१,१९८,००० | (१११,४०२,०००) |
| प्राप्त व्याज आम्दानी | | |
| लाभांश प्राप्ति | - | |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **२०,००८,५०७** | **(११२,८५९,८३२)** |
| | | |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| शेयरमा वृद्धि। (कमी) | ३,८९८,६०० | ६,०२७,८०० |
| कोषमा थप/(उपयोग) | (४,२९१,४४०) | (३,९१०,९४३) |
| संरक्षण पुँजीकोष भुक्तानी | (८,७१८,८७४) | |
| शेयर निष्काशनबाट प्राप्त | - | - |
| लाभांश भुक्तानी | (१५,६१७,०२६) | (२४,५३६,८७१) |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **(२४,७२८,७४०)** | **(२२,४२०,०१४)** |
| | | |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | **६८,४२४,८८८** | **९२,२९४,२३३** |
| नगद तथा नगद समानको सुरुवाती मौज्दात | २१०,३५२,२७६ | ११८,०५८,०४३ |
| **नगद तथा नगद समानको अन्तिममा रहेको मौज्दात** | **२७८,७७७,१६४** | **२१०,३५२,२७६** |

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार**

**सागर प्रसाद देवकोटा**
अध्यक्ष

**विष्णु प्रसाद लम्साल**
लेखा संयोजक

जि. एण्ड जि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको तर्फबाट

सिए. अनिश आर्याली
साझेदार

**ओम प्रकास बस्याल**
सचिव

**देवेन्द्र प्रसाद पोखरेल**
कोषाध्यक्ष

**द्विपेन्द्रप्रसाद पौडेल**
व्यवस्थापक

मिति २०८२।०५।१५
स्थान पाल्पा
UDIN : 250921CA01222FWdQ5

## अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

२० श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

अनुसूची ४.११ ब्याज आम्दानी

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | सदस्यहरुलाई ऋण र पेश्की | १३८,१३४,४६६ | १५५,९८३,७०६ |
| २ | बैंक तथा वित्तीय संस्थाहरूसँग मौज्दात | | |
| ३ | बैंकबाट ब्याज प्राप्त | १६,४४३,०५० | २५,५६५,६६१ |
| ४ | धितोपत्रमा लगानी | | |
| ५ | कर्मचारीहरूलाई ऋण र पेश्की | १,१३१,७९७ | - |
| ६ | अन्य ब्याज आम्दानी | | |
| | जम्मा | १५५,७०९,३१३ | १८१,५४९,३६७ |

अनुसूची ४.२१ ब्याज खर्च

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | बचतमा ब्याज खर्च | ७४,१७३,७२५ | ९७,९६२,१७१ |
| २ | बाह्य ऋण तथा सापटीमा ब्याज खर्च | - | - |
| ३ | पट्टा दायित्वहरूको ब्याज खर्च | ३०७,८१८ | २७२,०१४ |
| | जम्मा | ७४,४८१,५४४ | ९८,२३४,१८४ |

अनुसूची ४.२४ अन्य सञ्चालन आम्दानी

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | म्याद नाघेको ऋणमा जरिवाना | ३,२६२,७१६ | ३,४९०,२५३ |
| ३ | खाता बन्द गर्ने शुल्क | ९,८०० | १०,५०० |
| ४ | पासबुक दस्तुर | ४,५६४ | ७,५७५ |
| ५ | फाईल तथा भु-सेवाकेन्द्र दस्तुर | १९७,४४० | १२१,६९० |
| ६ | मूल्याङ्कन र सम्बन्धित शुल्क | २०२,४०० | १४१,००० |
| ७ | ऋण व्यवस्थापन शुल्क | ६,११६,९१० | ५,८८०,४३७ |
| ८ | सेवा शुल्क | ३३,००० | २१,००० |
| ९ | तमसुक | - | २०० |
| १० | फोटोकपी | ३३१ | १,५७० |
| ११ | विविध अम्दानी | ८३,७०५ | - |
| १२ | रेमिट संचालन आम्दानी | ३७१,०२८ | ४८९,७११ |
| १३ | एस.एम.एस शुल्क | ८३,७०० | ९,५०० |
| १४ | अन्य शुल्क(कमिन्टमेन्ट शुल्क) | २९२,९५६ | ४०९,८६१ |
| १५ | मोवाईल बैकिङ शुल्क | १३५,२०० | ९२,६०० |
| १६ | स्क्रयाप आय | १५,००० | १०,००० |
| १७ | नविकरण शुल्क | १७,९०० | २०,४०० |
| १८ | लिलामी शुल्क | - | ५७,७५० |
| १९ | कर्मचारी आवेदन शुल्क | २,५०० | - |
| | जम्मा | १०,८२९,१५० | १०,७६४,०४७ |

## अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

अनुसूची ४.२५ सम्भावित नोक्सानी व्यवस्थाहरु

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | ऋण नोक्सानी व्यवस्थामा भएको वृद्धि | १८,८३२,१०६ | १०,९२४,२८० |
| २ | गैर बैकिङ्ग सम्पत्ति नोक्सानी व्यवस्था | - | - |
| | **जम्मा** | **१८,८३२,१०६** | **१०,९२४,२८०** |

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | गैर बैकिङ्ग सम्पत्ति नोक्सानी व्यवस्थाबाट फिर्ता | - | |
| | **जम्मा** | **-** | **-** |

४.२६ सम्भावित नोक्सानी ब्यबस्था फिर्ता

| क्र.स. | विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | सदस्यहरुलाई प्रदान ऋणमा क्षयिकरण शुल्क/(फिर्ता) | | |
| २ | कर्मचारीलाई प्रदान ऋणमा क्षयिकरण शुल्क/(फिर्ता) | - | - |
| ३ | सम्पत्ति तथा उपकरणमा क्षयिकरण शुल्क/(फिर्ता) | - | - |
| ४ | ख्याति र अमूर्त सम्पत्तिमा क्षयिकरण शुल्क/(फिर्ता) | - | - |
| ५ | अन्य पाउनुपर्नेहरूमा क्षयिकरण शुल्क/(र्फिता) | | |
| | **कुल** | - | - |

अनुसूची ४.२७ कर्मचारी खर्च

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | तलब र भत्ताहरू | १९,३०१,५९३ | १९,१२२,९५७ |
| २ | संचयकोष खर्च | १,४२२,३३९ | १,३०९,२३७ |
| ३ | विदा वापतको खर्च व्यवस्था | ८०४,२४३ | ३९६,८६५ |
| ४ | बिदा नगदिकरण | ८३८,९१३ | - |
| ५ | कर्मचारी उपदान खर्च | १,२२६,४५१ | १,१२७,२७३ |
| ६ | कर्मचारी बोनस | | |
| ७ | प्रशिक्षण र विकास खर्च | ६१,६३३ | ५९,९५५ |
| ८ | इन्टनसिप खर्च | १९१,६७४ | १०४,८४३ |
| | **जम्मा कर्मचारी खर्च** | **२३,८४६,८४६** | **२२,१२१,१३०** |

## अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

अनुसूची ४.२८ अन्य सञ्चालन खर्च

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | दैनिक भ्रमण खर्च | १९२,५६६ | १७१,४८२ |
| २ | तालिम तथा गोष्ठी खर्च | ३१८,२४३ | ३७०,७९० |
| ३ | भाडा खर्च (चालू वर्षको लागि छोटो अवधिको पट्टासँग सम्बन्धित) | ३७,१४५ | ५५,०७७ |
| ४ | बाह्य लेखा परीक्षकहरूको पारिश्रमिक खर्च | २२६,००० | २२६,००० |
| ५ | अन्य परामर्श खर्च | ८५,००० | १६९,५०० |
| ६ | कार्यालय आपूर्ति र स्टेशनरी खर्च | ५६१,१४६ | ६२१,५४९ |
| ७ | महशुल भुक्तानी (इन्टरनेट, विद्युत,पानी तथा टेलिफोन) | ५६३,२३७ | ५५६,७१९ |
| ८ | वार्षिक साधारण सभा खर्च | ५१५,९०२ | ७६०,१८९ |
| ९ | मर्मत सम्भार खर्च | २२३,६६९ | ४०८,९५५ |
| १० | बैंक चार्ज तथा कमिशन | ११,३७३ | ७,६०३ |
| ११ | नबिकरण तथा सदस्यता शुल्क | ३४,७४२ | ५३,०६५ |
| १२ | विमा शुल्क | ३८५,१५७ | १०४,८८० |
| १३ | अतिथि सत्कार | १४४,०३८ | १२०,९२६ |
| १४ | विविध तथा भैपरी खर्च | ५४,९०० | २५,९३३ |
| १५ | यातायात तथा इन्धन खर्च | १४२,५९५ | १६७,८८० |
| १६ | सफ्टवेयर शुल्क | ५४८,०९४ | ४९३,६०७ |
| १७ | शुभकामना खर्च | ९,००० | ७,००० |
| १८ | धितो मुल्याङ्कन खर्च | ४०,८०० | ३२,२०० |
| १९ | संञ्चालक समिति र उप-समिति बैठक भत्ताहरू | ५१८,२०० | ४०४,००० |
| २० | प्रोवेसन शुल्क | ८५,००० | - |
| २१ | खाना, वास तथा यातायात खर्च | १९१,०७५ | १०२,३४० |
| २२ | जिवन तथा आवास सुरक्षा योजना | ३९७,४२३ | ५१३,३४७ |
| २३ | कोलोजिङ्ग खर्च | १६,२६५ | ११,३८० |
| २४ | ढुवानी खर्च | १४,७८३ | ११,९०० |
| २५ | कार्यालय सरसफाई खर्च | २४,४१५ | २६,२८० |
| २६ | बाह्य लेखा परीक्षक सम्बन्धी खर्च | ३०,५६० | ४०,५०३ |
| २७ | कर खर्च | २२,०६५ | ५,३०० |
| २८ | कार्यालय उपकरण खर्च | ५४,३९० | ६२,७३७ |
| २९ | वेभसाईट खर्च | २२,६०० | १६,९५० |
| ३० | संस्था स्थापना दिवस खर्च | ३१,७३५ | २५४,२५३ |
| ३१ | वार्षिक प्रतिवेदन प्रकाशन | १४५,९४० | ४९१,७७६ |
| ३२ | छाता झोला खर्च | ३५,५५० | ९,४०० |
| ३३ | फुलवारी खर्च | २,७५० | ५,२४३ |
| ३४ | मालपोत शुल्क | ३,००० | ३,००० |
| ३५ | अध्ययन अवलोकन भ्रमण | १८२,०४५ | २५६,७३७ |
| ३६ | मोबाइल एपलिकेशन सम्बन्धित खर्च | २१४,७०० | ५२,२८० |
| ३७ | रिवेट खर्च | १,०११,१९१ | ४२१,२२९ |
| ३८ | नयाँ नोट व्यवस्थापन खर्च | - | २०,५५५ |

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रामपुर, पाल्पा

**श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको**

| | | | |
|---|---|---|---|
| ३९ | संचालक समिति र उप-समिति बैठक खर्च | ९७,९९५ | ६७,६०० |
| ४० | विज्ञापन, पदोन्नति र मार्केटिङ खर्च | ३८,०४५ | १६,८९० |
| | **जम्मा** | ७,२३३,३३२ | ७,१४७,०५४ |

**अनुसूची ४.३० ह्रासकट्टी तथा परिशोधन खर्च**

| क.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | स्थीर सम्पतिमा ह्रासकट्टी | १,४२२,७४४ | १,४४९,४३० |
| २ | अमुर्त सम्पतिमा परिशोधन | २४७,३९९ | २००,३१७ |
| ३ | जैविक सम्पतिमा परिशोधन | - | - |
| ४ | अनुदान सम्पतिमा ह्रासकट्टी | - | - |
| ५ | ROU सम्पत्तिमा ह्रासकट्टी | ७३२,२३१ | ७२८,२२८ |
| | **जम्मा** | २,४०२,३७३ | २,३७७,९७५ |

## शेयर सदस्य बन्नको लागि आवश्यक पर्ने कागजपत्रहरू

१. नागरिकताको प्रतिलिपी १ प्रति र पासपोर्ट साइजको फोटो ४ प्रति
२. हकवालाको नागरिकताको प्रतिलिपी १ प्रति र पासपोर्ट साइजको फोटो १ प्रति
३. शेयर सदस्यता लिनको लागि कार्यक्षेत्र (पाल्पा जिल्ला) भित्रको हुनुपर्ने यदि नागरिकता अन्य जिल्लाबाट जारी भएको भए बसाईसराईको कागज पत्र वा कार्यक्षेत्र भित्र भएको जग्गाको लालपुर्जाको प्रतिलिपी

# अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## रामपुर, पाल्पा

### आ.व. २०८१/८२ को वित्तिय विवरणका अनुसूचीहरु

**अनसूची ४.१ नगद मौज्दात**

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| १ | नगद मौज्दात | ४,३९६,२५९ | ८,०९४,६६० |
| | **जम्मा** | ४,३९६,२५९ | ८,०९४,६६० |

**अनसूची ४.२ बैंक/वित्तीय संस्थामा रहेको मौज्दात**

| क्र.स. | बिवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| | बैंक मौज्दात | | |
| १ | राष्ट्रिय बाणिज्य बैंक लि. लि. तानसेन | १०,९३३ | १०,९३३ |
| २ | राष्ट्रिय बाणिज्य बैंक लि. रामपुर | ५,२१०,८७४ | ४,९८५,९१२ |
| ३ | कृषि बिकास बैंक लि. | १२,३३३,९०९ | ४,२७०,६२५ |
| ४ | लक्ष्मी सनराईज बैंक लि. (रामपुर) | १५,६७०,५२६ | ११,७१६,७९५ |
| ५ | लक्ष्मी सनराईज बैंक लि. (ढुङ्गानाबेशी) | १,९००,०२३ | २,०८८,५१५ |
| ६ | गरिमा विकास बैंक लि. | २२,०४०,२८५ | ४४,०८०,१९६ |
| ७ | एन.आई.सि.एसिया बैंक लि. | ४,७४८,६४९ | ३,१३५,४१० |
| ८ | एन.आई मेगा बैंक लि. (रामपुर) | ४१,५३२,५७५ | ८,४९१,००७ |
| ९ | नेपाल इनभेष्टमेन्ट मेगा बैक (तानसेन) | ३,६८४ | ३,६८४ |
| १० | ग्लोवल आईएमई बैंक लि. नेपाल | ७९,९४४,२५१ | ७८,३९३,१३८ |
| ११ | कामना सेवा विकास बैक | ३३,२७०,६७४ | १३,८६९,५०९ |
| १२ | मुक्तिनाथ बिकास बैंक लि. | ४०,९४१,७३७ | १६,२६९,१४० |
| १३ | आई.एम.ई सहकारी बैंक लि. | ३८२,३०३ | ३७३,४६१ |
| १४ | नेपाल बचत तथा ऋण के. स. सं लि. | १,२९८,२७७ | ८,३६१,८०२ |
| १५ | जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | ४६,६७९ | ४३,७९८ |
| १६ | प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | ५५,०७२ | ३९,३१३ |
| १७ | राष्ट्रिय सहकारी बैंक लि. | १,८७८,८७७ | ६,१२४,३७९ |
| १८ | एस.वि.आई बैंक लि. | १३,१११,५७८ | - |
